मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५
विज्ञापनको लागि सूचना
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : १०९ ★ ने. सं. ११४६ बछला गा, दशमी ★ मङ्गलबार ★ २९ वैशाख, २०८३ ★ May 12, 2026, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८



२०२६ मे ११, पेइचिङ । चीनद्वारा विकसित लङ मार्च ७ वाई ११ वाहक रकेटले तियानझाउ १० कार्गो (आकाशे जहाज) यान बोकेर दक्षिण चीनको वेनचाङ अन्तरिक्ष यान केन्द्रबाट मे ११, २०२६ मा सफलतापूर्वक उडान भऱ्यो । चीन मानवयुक्त अन्तरिक्ष एजेन्सीका अनुसार, चीनले सोमबार बिहान आफ्नो कक्षामा रहेको तियाङगोङ (अन्तरिक्ष महल) अन्तरिक्ष स्टेसनका लागि आवश्यक सामग्री र आपूर्ति पठाउन तियानझोङ १० प्रक्षेपण गरेको हो । तस्बिर : सिन्ह्वा

## युद्ध अन्त्य र रोकिएको सम्पत्ति फुकुवा गर्न इरानको अमेरिकासँग माग



तेहरान, २८ वैशाख (एएफपी) । इरानले यस क्षेत्रमा युद्ध अन्त्य गर्न र विदेशमा रोक्का गरिएको सम्पत्तिलाई फुकुवा गर्न आह्वान गरेको छ ।

इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बकाईले भन्नुभयो, “हामीले कुनै छुटको माग गरेका छैनौँ । हामीले इरानको वैधानिक अधिकारका लागि मात्र माग गरेका छौँ ।”

उहाँले इरानको मागमा ‘यस क्षेत्रमा युद्ध अन्त्य गर्नुपर्ने, अमेरिकी नौसैनिक नाकाबन्दी अन्त्य गर्नुपर्ने’ र ‘वर्षौंदेखि विदेशी बैङ्कमा अन्यायपूर्वक फसेको इरानी जनताको सम्पत्ति रिहाइ’ समावेश रहेको बताउनुभयो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्ध अन्त्य गर्ने अमेरिकी प्रस्तावमाथि इरानले दिएको प्रतिक्रियालाई अस्वीकार गरेका थिए ।

बकाईले खाडीमा जारी तनावलाई औँल्याउँदै भन्नुभयो, “तेहरानले युरोपेली देशहरूलाई कसैलाई पनि फाइदा नहुने सङ्कटमा संलग्न नहुन चेतावनी दिएको छ ।

उहाँले भन्नुभयो, “स्ट्रेट अफ हर्मुज’मा कुनै पनि प्रकारको हस्तक्षेपले स्थितिलाई थप जटिल बनाउनेछ ।”

बेलायत र फ्रान्सले स्ट्रेट अफ हर्मुज सुरक्षित गर्न अन्तर्राष्ट्रिय गठबन्धन बनाउने प्रयासको नेतृत्व गरिरहेका छन् । तर, यो अमेरिका र इरानबिच शान्ति सम्झौता भएपछि मात्र हुने बताइएको छ ।

सोमबार पत्रकारहरूसँगको कुराकानीको क्रममा बकाईले खाडीमा कथित तेल चुहावटको दाबीलाई अस्वीकार गरेपछि भू-उपग्रह लिइएका तस्बिरहरूमा इरानको खार्ग टापुको तटमा तेलको थोपा फैलिएको देखिएको थियो ।

उहाँले भन्नुभयो, “तेलको चुहावट र यस्तै मामिलाहरूको बारेमा गरिएका दाबीहरू पूर्ण रूपमा मनगढन्ते पुष्टि भएका छन् ।”

उहाँले खाडीमा देखिएको सम्पूर्ण समस्याका लागि अमेरिकी उपस्थितिलाई दोष दिँदै अगाडि भन्नुभयो, “तेहरान खाडीमा ‘वातावरणीय क्षतिको बारेमा धेरै चिन्तित छ’ ।”

## नीति तथा कार्यक्रममाथिको छलफल र जवाफ एकैदिनमा सकिने

काठमाडौँ, २८ वैशाख । सङ्घीय संसद्का दुवै सदनको संयुक्त बैठकमा आज सरकारको आगामी आर्थिक वर्ष २०८३/ ८४ को नीति तथा कार्यक्रम प्रस्तुत गएिको छ । राष्ट्रपति रामचन्द्र पौडेलले संयुक्त बैठकमा नीति तथा कार्यक्रम वाचन गर्नुभएको हो ।

सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफल र जवाफ एकैदिनमा सकिने भएको छ । सभामुख डोलप्रसाद अर्यालले नीति तथा कार्यक्रममाथि दलीय आधारमा छलफल र प्रधानमन्त्री बालेन्द्र शाहले जवाफ दिनका लागि वैशाख ३० गतेको समय छुट्याइएको जानकारी दिनुभयो ।

सभामुख अर्यालले त्यस दिन नीति तथा कार्यक्रममाथि धारणा राख्ने सांसदहरूले दलीय प्रतिनिधित्वका आधारमा वैशाख ३० गते प्रतिनिधि सभा बैठक बस्नुभन्दा एक घण्टा अगाडि सङ्घीय संसद् सचिवालयका कर्मचारीलाई उपलब्ध गराउन आग्रह गर्नुभएको छ ।

नीति तथा कार्यक्रममाथि संशोधन पेस गर्न २०८३ वैशाख २९ गते बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म दिनको समय छुट्याइएको पनि सभामुख अर्यालले बैठकमा जानकारी गराउनुभयो ।

## एसईई परीक्षाफल सार्वजनिक झण्डै ६६ प्रतिशत ग्रेडेड

काठमाडौँ, २८ वैशाख । माध्यमिक शिक्षा परीक्षा एसईईको नतिजा सोमबार सार्वजनिक गरिएको छ ।

परीक्षा नियन्त्रण कार्यालय सानोठिमीमा पत्रकार सम्मेलन गरी राष्ट्रिय परीक्षा बोर्डले परीक्षा सकिएको २९ औँ दिनमा नतिजा सार्वजनिक गरेको हो । नतिजाअनुसार झण्डै ६६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

यसपटक परीक्षा केन्द्रमै उत्तरपुस्तिका परीक्षण गर्ने व्यवस्था मिलाइएको थियो । यस वर्ष नियमिततर्फ चार लाख ४१ हजार ५६६ जनाले र ग्रेड वृद्धितर्फ ७० हजार ८५५ जनाले परीक्षाका लागि फारम भरेका थिए ।

बोर्डका अनुसार २ लाख ८४ हजार १६० जना ग्रेडेड भएका छन् भने १ लाख ४६ हजार ५०७ जना ननग्रेडेड भएका छन् । परीक्षा नतिजाअनुसार १ देखि २ जीपीए – ७,
२ देखि २.४ जीपीए - ५१९० जना,
२.४ देखि २.८ जीपीए - ५५,९७७ जना,
२.८ देखि ३.२ जीपीए - ९४,२२२, ३.२ देखि ३.६ जीपीए - ८० हजार ३७२,
३.४ देखि ४ जीपीए - ८३९२ जना र हेका छन् ।

## पुँजीवादी दलका एजेन्टहरूबाट सचेत होऔँ !

संयुक्त राज्य अमेरिका आज संसारको सबभन्दा क्रूर र आक्रामक शासकहरूको राज्यको रूपमा एसिया, अफ्रिका, ल्याटिन अमेरिका र टापु देशहरूका जनतालाई थाहा भएकै विषय हो । तर, इतिहासको एक कालखण्डमा बेलायती साम्राज्यवाद र उपनिवेशवादको विरोधमा सशस्त्र सङ्घर्ष गरेर स्वतन्त्र राज्यको रूपमा सफल भएको देश पनि संरा अमेरिका नै हो । बेलायती उपनिवेशवादीहरूको विरोधमा गरेको त्यो रक्ताम्य लडाइँमा फ्रान्सेली र अन्य युरोपेली देशहरू तथा क्रान्तिकारीहरूले पनि स्वयम्सेवक भई लडाइँको मोर्चामा सहयोग गरेका थिए ।

तर, पुँजीवादको विकासले त्यस राज्यका नेताहरू, दास मालिक र पुँजीपतिवर्ग साऱ्है अन्यायी तथा अत्याचारी बन्न पुगे । फलस्वरूप त्यहाँको संविधान पनि दास मालिक र पुँजीपतिवर्गको हर प्रकारका शोषकहरूको पक्षको एक दस्तावेज बन्यो ।

राम्रो उद्देश्यको निम्ति सुरु भएको ‘अमेरिकी स्वतन्त्रता आन्दोलन’ पछि दास मालिक र पुँजीपतिवर्गको ‘स्वर्ग’ बन्यो । त्यहाँका अफ्रिकी दासहरू कपास खेती र अन्य कार्यमा बिहानदेखि बेलुकीसम्म काम गर्थे । राम्रो खानेकुराको अभाव र आराम एवम् व्यवस्थित बसोबास नहुँदा तिनीहरूको सालाखाला आयु २७ वर्षको थियो । रोग, भोक र यातनाले ती कामदार मजदुर एवम् किसानहरू अत्यन्त कष्टकर जीवन बिताउन बाध्य थिए । आत्महत्याको दर पनि कम थिएन ।

कलकारखाना, उद्योगधन्दा र व्यापारको पनि वृद्धि हुँदै गयो । शोषण पनि बढ्दै थियो । सहरहरूको विकास हुँदै थियो; गाउँ खाली हुँदै किसानहरू सहरमा आएर काम गर्न बाध्य थिए । १४० - १५० वर्षदेखि अमेरिकी मजदुरवर्ग ज्यामीहरू साऱ्है शोषित र पीडित भए । त्यसको विरोधमा मजदुरहरू पनि सहर र जिल्ला जिल्लामा सङ्गठित हुँदै गए । बारम्बार विभिन्न जिल्ला र सहरहरूमा मजदुरहरू पुँजीपतिवर्गको विरोधमा सङ्गठित भएर उठ्न थाले । आखिर गरिब जनताकै छोराछोरी प्रहरी, सिपाहीँ र पुँजीपतिवर्ग एवम् पुँजीवादी सरकारका कर्मचारी हुन्छन् । तिनीहरूलाई नै मजदुर आन्दोलन दबाउन प्रयोग गर्छन् । कतै कतै सेना र प्रहरीसमेत मजदुर-किसानहरूसँग मिल्न जान्छन् । सरकारले थप सेना र प्रहरी पठाएर चर्को हत्या र हिंसा गर्छ ।

१ मेको दिन अमेरिकाको सिकागो सहरमा ठूलै विरोध प्रदर्शन र जनसभाको तयारी भयो । सरकारले जुलुस र जनसभा गरेमा गोली चलाउने धम्की दियो । कामदारवर्ग धम्कीको अगाडि झुकेनन् र उनीहरूको ठूलो विरोध प्रदर्शन भयो । ८ घण्टाको काम र उचित ज्यालाको माग भयो ।

वर्गशत्रु र सरकारले मजदुरहरूको जुलुसभित्र सरकारी

बाँकी पृष्ठ ८ मा

व्यङ्ग्यचित्र कुनो






**कलश पोखरी**

काठमाडौँको शङ्खरापुर नगरपालिका-६, साँखुमा अवस्थित कलश पोखरी । ***तस्बिर :*** *हरिराम भेटुवाल/रासस*

# नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष प्रजापतिलाई पितृशोक



भक्तपुर, २८ वैशाख । नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष एवम् 'मजदुर दैनिक' का पूर्वसहसम्पादक ज्ञानसागर प्रजापतिका पिता न्हुछेराम प्रजापतिको ९५ वर्षको उमेरमा वैशाख २६ गते साँझ निधन भयो ।

जेठा छोरा बुद्धिसागर प्रजापतिले उहाँको शरीरमा दागबत्ती राख्नुभएको थियो । दम रोगका बिरामी प्रजापतिको जन्म १९८८ माघ १६ गते शुक्रबार भएको थियो ।

उहाँका चार छोरा र तीन छोरी हुनुहुन्छ । उहाँका चार छोरामा बुद्धिसागर प्रजापति, ज्ञानसागर प्रजापति, दयासागर प्रजापति र बालसागर प्रजापति हुनुहुन्छ भने छोरीमा न्हुछेलक्ष्मी, पञ्चलक्ष्मी र ज्ञानलक्ष्मी प्रजापति हुनुहुन्छ ।

# शोधनान्तर स्थिति सात खर्ब ३१ अर्बले बचतमा

काठमाडौँ, २८ वैशाख । चालु आर्थिक वर्षको नौ महिनामा शोधनान्तर स्थिति सात खर्ब ३१ अर्ब १६ करोड रुपैयाँले बचतमा रहेको छ ।

नेपाल राष्ट्र बैङ्कले आज चालु आवको नौ महिनाको विवरण सार्वजनिक गरेको थियो । सो विवरणअनुसार अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति तीन खर्ब ४६ अर्ब २३ करोड रुपैयाँले बचतमा थियो ।

अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा दुई अर्ब ५५ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा पाँच अर्ब १० करोडले बचतमा छ ।

समीक्षा अवधिमा चालु खाता छ खर्ब १८ अर्ब ६८ करोड रुपैयाँ बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता दुई खर्ब २२ अर्ब ६७ करोड रुपैयाँ बचतमा रहेको थियो ।

अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा एक अर्ब ६४ करोडले बचतमा रहेको चालु खाता समीक्षा अवधिमा चार अर्ब ३२ करोडले बचतमा रहेको छ ।

समीक्षा अवधिमा खुद पुँजीगत ट्रान्सफर १४ अर्ब ५० करोड रुपैयाँ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर सात अर्ब ७१ करोड रुपैयाँ रहेको थियो ।

यसैगरी, समीक्षा अवधिमा १४ अर्ब ५५ करोड रुपैयाँ प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) आठ अर्ब ९४ करोड रुपैयाँ रहेको थियो ।

केन्द्रीय बैङ्कका अनुसार, गत असार मसान्तमा २६ खर्ब ७७ अर्ब ६८ करोड रुपैयाँ बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ३० दशमलव पाँच प्रतिशतले वृद्धि भई गत चैत मसान्तमा ३४ खर्ब ९४ अर्ब ७३ करोड रुपैयाँ पुगेको छ ।

अमेरिकी डलरमा यस्तो सञ्चिति गत असार मसान्तमा १९ अर्ब ५० करोड रहेकोमा गत चैत मसान्तमा २० दशमलव आठ प्रतिशतले वृद्धि भई २३ अर्ब ५५ करोड पुगेको छ ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैङ्कमा रहेको सञ्चिति गत असार मसान्तमा २४ खर्ब १४ अर्ब ६४ करोड रुपैयाँ रहेकोमा गत चैत मसान्तमा २७ दशमलव सात प्रतिशतले वृद्धि भई ३० खर्ब ८२ अर्ब ४१ करोड रुपैयाँ पुगेको छ ।

बैङ्क तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैङ्कबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति गत असार मसान्तमा दुई खर्ब ६३ अर्ब ४ करोड रुपैयाँ रहेकोमा गत चैत मसान्तमा ५६ दशमलव आठ प्रतिशतले वद्धि भई चार खर्ब १२ अर्ब ३२ करोड रुपैयाँ कायम भएको छ ।

चालु आवको नौ महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २१ दशमलव आठ महिनाको वस्तु आयात र १८ दशमलव चार महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

**नौ महिनामा १६ खर्ब ५९ अर्ब विप्रेषण**

यसैबीच चालु आर्थिक बर्षको नौ महिनामा १६ खर्ब ५९ अर्ब ४१ करोड रुपैयाँ बराबरको विप्रेषण भित्रिएको छ । विप्रेषण आप्रवाह ३९ दशमलव एक प्रतिशतले वृद्धि भएको छ ।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १० दशमलव दुई प्रतिशतले बढेको थियो । विवरणअनुसार, गत चैत महिनामा विप्रेषण आप्रवाह दुई खर्ब नौ अर्ब ७५ करोड रुपैयाँ रहेको छ । अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह एक खर्ब ३९ अर्ब ५४ करोड रुपैयाँ रहेको थियो । समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह ३१ दशमलव नौ प्रतिशतले वृद्धि भई ११ अर्ब ५५ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह सात दशमलव पाँच प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) १८ खर्ब २० अर्ब ४२ करोड रुपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय १३ खर्ब तीन अर्ब १२ करोड रुपैयाँ रहेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या दुई लाख ९४ हजार १८६ र पुन: श्रम स्वीकृति लिनेको सङ्ख्या दुई लाख ९३ हजार २५९ रहेको छ । रासस

# अरनिको राजमार्ग विस्तार: ढिलासुस्तीबारे जनप्रतिनिधिको चासो

काभ्रेपलाञ्चोक, २८ वैशाख । छ लेनमा विस्तार भइरहेको अरनिको राजमार्गअन्तर्गत भक्तपुरको सूर्यविनायकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्मको सडक निर्माणमा भएको ढिलासुस्तीबारे यहाँका जनप्रतिनिधिले चासो राखेका छन् । आइतबार बनेपा नगरपालिका कार्यालयमा जनप्रतिनिधि तथा आयोजना एवं निर्माण व्यवसायीसँग सो विषयमा छलफल भएको थियो । छलफलमा काम छिटो सम्पन्न गरी वर्षामा यात्रुलाई सहजता दिलाउनुपर्नेमा जोड दिइएको थियो ।

बनेपा नगरप्रमुख शान्तिरत्न शाक्यको अध्यक्षतामा भएको छलफलमा सूर्यविनायक-धुलिखेल सडक आयोजना निर्माणमा भइरहेको ढिलासुस्तीका विषयमा बागमती प्रदेश सामाजिक विकासमन्त्री कञ्चनचन्द्र बादे, प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारी, नगरउपप्रमुख विमला दाहाल, स्थानीय जनप्रनिधि, सुरक्षा निकाय, आयोजना प्रमुख, ठेकेदार कम्पनी लगायतको उपस्थिति थियो । छलफलमा धुलिखेल-सूर्यविनायक सडक आयोजनाअन्तर्गत बनेपा नगर क्षेत्रभित्रका सर्भिस लेन तथा सहायक सडकहरू बिनाअवरोध निर्वाध रूपमा सञ्चालन तथा निर्माण हुने व्यवस्था मिलाउने सम्बन्धमा सडक आयोजना र निर्माण व्यवसायीले प्रतिबद्धता जनाएका छन् ।

त्यसैगरी बनेपास्थित पुण्यमाता खोला पुल तथा भैँसीपाटी खोला पुल निर्माणका क्रममा अवरुद्ध सर्भिस लेन र सहायक मार्ग पुन: सञ्चालन हुनेगरी आवश्यक निर्माण तत्काल गरिनेछ । पुलबजार क्षेत्रमा पुण्यमाता खोलाबाट हुने डुबान रोक्न खोला गहिऱ्याउने, खोला सफा गर्ने तथा संरक्षणसम्बन्धी कार्य तुरुन्त अघि बढाइनेछ । त्यस्तै पुण्यमाता खोलामा रहेको पुलको सुरक्षा सुनिश्चित गर्न आवश्यक सम्पूर्ण कार्य सम्पन्न गरिने जनाइएको छ ।

"कुनै पनि हालतमा यात्रुलाई असहजता हुनुभएन, तत्काल सबै क्षेत्रमा मेन-लेनमा पक्की बनाउने नसक्ने भए सर्भिस ट्र्याकमा कुनै अवरोध हुनुभएन", मन्त्री वादेले भन्नुभयो । उहाँले चरणबद्ध रूपमा गरिने निर्माणबारे विभिन्न बहाना देखाएर निर्माण व्यवसायी पन्छिन खोजेकामा भने रोष प्रकट गर्नुभयो । सडक अव्यवस्थित हुँदा भएका दुर्घटनामा दुई जनाको ज्यान जाँदा पनि आयोजना गम्भीर नभएकोप्रति उहाँले असन्तोष व्यक्त गर्नुभयो ।

आयोजनाप्रमुख विजय महतोले समग्र भौतिक प्रगति ७० प्रतिशत भएको जनाउँदै आगामी असार मसान्तसम्म मुख्य लेन पक्की गरिसक्ने बताउनुभयो । उहाँका अनुसार 'कालोपत्र गर्ने तयारी गरिए पनि बिटुमिनको अभाव'ले केही महिना ढिला भएको छ, तर पनि बिटुमिन ल्याउन विभिन्न तहमा पहल भइरहेको छ । भक्तपुर-धुलिखेल सडकखण्डअन्तर्गत निर्माण हुने तीनवटा पुल निर्माणका लागि निर्माण कम्पनीसँग थप पहल भइरहेको महतोले बताउनुभयो ।

करिब तीन वर्षअघि सुरु गरिएको उक्त आयोजना (१५ दशमलव ८ किलोमिटर)को हाल विस्तार दुई महिनादेखि सुस्त बनेको छ । लगातार बढ्दो मूल्यवृद्धि, निर्माण सामग्रीको अभाव तथा बजारमा देखिएको असहज अवस्थाका कारण निर्माण कम्पनीहरूले कामको गति कम गरेको जनाएका छन् । उक्त आयोजना अहिले 'सामग्री अभाव' देखाउँदै प्रभावित बनाइएको छ । यसअघि चालु आर्थिक वर्षको असार मसान्तसम्म ९० प्रतिशत कामसक्ने लक्ष्यसहित तीव्रगतिमा निर्माण भइरहेको जनाइएको छ ।

ठेक्काको जिम्मा पाएको लामा कन्स्ट्रक्सनका प्रबन्धक रवीन्द्र श्रेष्ठले पछिल्लो समय निर्माण सामग्रीको मूल्य अस्वाभाविक रूपमा बढ्दै आवश्यक सामग्री सहज रूपमा उपलब्ध नभएकाले कामको गति सुस्त भएको जानकारी दिनुभयो । उहाँका अनुसार आवश्यक सामग्रीको अभावमा काम पूर्ण रूपमा बन्द भने नभएको तर पहिलेको जस्तो तीव्रता कायम राख्न कठिन भएको छ । यस्तै भक्तपुरको सूर्यविनायक काभ्रेपलाञ्चोकको साँगा खण्डमा भने कामको प्रगति अझै कमजोर देखिएको छ । उक्त खण्डमा हालसम्म ४८ प्रतिशतमात्रै काम सम्पन्न भएको जनाइएको छ ।

आठ किलोमिटर दूरीको साँगा-धुलिखेल सडक विस्तारका लागि २०७९ साल मङ्सिर २७ गते सम्झौता भई २०८२ मङ्सिर २५ गते आयोजनाको म्याद सकिएको थियो । उक्त सडकखण्ड विस्तारका लागि लामा कन्स्ट्रक्सन प्रालिले चार अर्ब पाँच करोड ६४ लाख रूपैयाँमा ठेक्का लिएको थियो । उक्त अवधिमा ६० प्रतिशतमात्र काम सम्पन्न भएको जनाइएको छ । सूर्यविनायक-धुलिखेल सडक बिस्तारकार्यअन्तर्गत दोस्रो खण्ड सूर्यविनायक-साँगा ७.५ किलोमिटर विस्तारका लागि तीन अर्ब ८८ करोड ९३ लाख रूपैयाँमा ठेक्का लगाइएको थियो । उक्त खण्डको ठेक्का अवधि पनि गत पुसमा सकिएपछि एक वर्ष म्याद थपिएको हो । हाल साँगामा 'अन्डरपास' निर्माण अन्तिम चरण पुगेको छ । ***(रासस)***

# प्रतिनिधिसभा: विपक्षी दलको ध्यानाकर्षण

काठमाडौँ, २८ वैशाख । प्रतिनिधिसभाको सोमबारको बैठकमा विपक्षी दलका नेताहरूले सुकुमबासी बस्ती व्यवस्थापन, अध्यादेशलगायत विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

बैठकको आकस्मिक समयमा ती नेताहरूले आह्वान भइसकेको संसद् स्थगन गरेर अध्यादेश ल्याइएको, भावी प्रधानन्यायाधीशको सिफारिसमा प्रचलित अभ्यास र परम्परा तोडिएको भनी चिन्ता व्यक्त गरेका छन् ।

नेपाली काङ्ग्रेसका निष्कल राईले प्रतिनिधिसभा नयाँ नियमावली मस्यौदा लेखनका क्रममा आफूले राखेका फरक मत राख्दै सरकारले भूमिहीन सुकुमबासीलाई वैकल्पिक व्यवस्थाबिना बस्तीबाट हटाइएकामा विरोध गर्नुभयो ।

नेकपा (एमाले) का पद्माकुमारी अर्यालले संसदीय मर्यादा र विधिको शासनलाई सम्मान गर्न तथा प्रस्तुत अध्यादेशहरू फिर्ता गर्न आग्रह गर्नुभयो ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का युवराज दुलालले २४ घन्टाको छोटो सूचना दिएर सुकुमबासी बस्ती हटाइनुले मानवीयताको सम्मान नभएको टिप्पणी गर्नुभयो । श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईले लिपुलेकमा भारतले नाका खोलेर मानसरोवरको मार्ग विस्तार गर्दा सरकार मौन बसेको आरोप लगाउनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका खुश्बु ओलीले सुकुमबासी बस्ती व्यवस्थापनका क्रममा मानवीय संवेदनशीलतालाई ख्याल नगरिएको टिप्पणी गर्नुभयो ।

**प्रतिनिधिसभाको दोस्रो अधिवेशन सुरु**

सङ्घीय संसद्अन्तर्गत प्रतिनिधिसभाको दोस्रो अधिवेशन सुरु भएको छ ।

सोमबारको बैठक आरम्भ हुनासाथ विपक्षी दलका सांसदहरू आ आफ्नो आसनबाट उठेपछि सभामुख डोलप्रसाद अर्यालले आकस्मिक समयमा बोल्नका लागि समय दिने वचन दिइसकेकाले बैठक सञ्चालनमा अवरोध नगर्न आग्रह गर्नुभयो । तत्पश्चात् नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र श्रम संस्कृति पार्टीका सांसदहरूले आसन ग्रहण गरेपछि बैठक सुचारु भएको थियो ।

बैठकमा राष्ट्रपतिबाट अधिवेशन आह्वानसम्बन्धी पत्र वाचन गरिइएको छ । यसपछि विपक्षी दलका सांसदलाई आकस्मिक समयमा तीन/तीन मिनेट बोल्न समय दिइएको छ । ***(रासस)***

# श्रृङ्खलाबद्ध चोरी अभियोगमा दुई पक्राउ

काठमाडौँ, २८ वैशाख । नागार्जुन नगरपालिकाको रानीवन र सानोभऱ्याङ क्षेत्रमा श्रृङ्खलाबद्ध चोरी गरेको अभियोगमा दुई युवा पक्राउ परेका छन् । पक्राउ पर्नेमा उदयपुरको ताप्ली गाउँपालिका-३ का २७ वर्षीय रमेशकुमार तामाङ र काठमाडौँ महानगरपालिका-९ का २९ वर्षीय प्रभातसिंह प्रधान रहेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रहरी नायब उपरीक्षक कौशलकुमार बुढाथोकीले जानकारी दिनुभयो ।

उनीहरूले चोरीका सामान किनबेच, व्यवस्थापन र बिक्री वितरण गर्दै आएको प्रहरी अनुसन्धानबाट खुलेको छ । प्रहरीले उनीहरूको डेराबाट चोरीको मोबाइल, ल्यापटप, नगद, मूर्ति, लागुऔषध, चोरीमा प्रयोग हुने औजारलगायत बरामद गरेको छ । तामाङ सानोभऱ्याङ र सिंह बत्तीसपुतली क्षेत्रमा बसोबास गर्दै आएका थिए । *रासस*

## सङ्क्षिप्त समाचार

# मन्त्रिपरिषद् बैठक : नीति तथा कार्यक्रम स्वीकृत

काठमाडौँ, २८ वैशाख । सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमलाई स्वीकृत गरेको छ । मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले राष्ट्रपति रामचन्द्र पौडेलद्वारा सोमबार सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत हुने नीति तथा कार्यक्रमको सम्बोधनलाई स्वीकृत गरेको हो ।

सोमबार अपराह्न ४ बजे राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ९५ बमोजिम सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुने सम्भावित कार्यसूची छ ।

मन्त्रिपरिषद्को बैठकले नेपालको संविधानको धारा ९५ बमोजिम राष्ट्रपतिद्वारा हुने सम्बोधनलाई स्वीकृत गरेको सरकारका प्रवक्ता एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो । सङ्घीय संसद्को दुवै सदनको अधिवेशन सोमबारदेखि सुरु हुँदैछ । *(रासस)*

# राष्ट्र बैङ्कको प्रतिवेदन अर्थमन्त्रीसमक्ष पेस

काठमाडौँ, २८ वैशाख । नेपाल राष्ट्र बैङ्कले आगामी आर्थिक वर्ष २०८३/८४ को पूर्ण बजेटकालीन समीक्षा प्रतिवेदन अर्थमन्त्री डा. स्वर्णीम वाग्लेलाई बुझाएको छ । नेपाल राष्ट्र बैङ्कका गभर्नर डा. विश्व पौडेलले सोमबार अर्थमन्त्री वाग्लेसमक्ष सो प्रतिवेदन बुझाउनुभएको हो । नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ अनुसार सरकारको वार्षिक बजेट तर्जुमा गर्ने प्रयोजनका लागि बैङ्कले मुलुकको आर्थिक तथा वित्तीय अवस्थाको सम्बन्धमा नेपाल सरकारसमक्ष एक प्रतिवेदन पेस गर्ने व्यवस्था रहेको छ । *(रासस)*

# अझै चितवनका दुग्ध उत्पादक किसानले पाएनन् भुक्तानी

चितवन, २८ वैशाख । जिल्लाका दुग्ध उत्पादक किसानले रु. ५५ करोड भुक्तानी पाउन सकेका छैनन् । दुग्ध विकास संस्थान र निजी क्षेत्र गरी उनीहरूले सो रकम पाउन नसकेका हुन् ।

चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घका अध्यक्ष किशोर बगालेका अनुसार संस्थानबाट पुस महिना देखिको भुक्तानी पाएका छैनन् भने निजी उद्योगहरूले तीन महिनादेखिको भुक्तानी गरेका छैनन् । उहाँका अनुसार जिल्लाबाट दूध लैजाने उद्योगमध्ये २५ प्रतिशतले नियमित भुक्तानी गर्ने गरेको भए पनि अन्यले भुक्तानी नदिँदा किसानहरू मर्कामा परेका हुन् ।

जिल्लामा दैनिक ३५० हजार लिटर दूध उत्पादन हुँदै आएको छ । यहाँका ११५ वटा दुग्ध उत्पादन सहकारीमार्फत ४० हजार किसानले उत्पादन गरेको दूध बिक्री हुँदै आएको छ । नयाँ सरकार बनेसँगै उत्साहित बनेका किसानहरू भुक्तानीमा समस्या देखिएपछि पुनः निरास बन्न थालेको उहाँले बताउनुभयो । सङ्घले भुक्तानीमा समस्या देखिएसँगै आफ्नो उत्पादनलाई बजारीकरण गर्न तीन स्थानमा डेरी मार्ट सञ्चालनमा ल्याएको छ । भरतपुर महानगरपालिका-१० को दूरसञ्चार रोड, चितवन मेडिकल कलेज पछाडि र वडा नम्बर ३ को बेलचोकमा मार्ट सञ्चालनमा ल्याएको हो ।

सङ्घको रत्ननगरमा रहेको आफ्नै डेरी उद्योगबाट उत्पादित दुग्धजन्य वस्तुहरू मार्टमार्फत सेवाग्राहीमाझ पुर्‍याउने काम गर्दै आएको उहाँले बताउनुभयो । मार्टमा दूध, घ्यू, पनिर, नौनी, खुवा, मोहीलगायतका सामग्री बिक्री वितरण गर्दै आएको उहाँले जानकारी दिनुभयो । *(रासस)*

# नीति तथा कार्यक्रम : ऊर्जाका आयोजना अगाडि बढाउन शेयर लगानीको विकल्प

काठमाडौँ, २८ वैशाख । सरकारले जलविद्युत् आयोजना एवं प्रसारण लाइन निर्माणमा देखिएको लामो समयदेखिको समस्या समाधानका लागि शेयर लगानीको विकल्प अगाडि सारेको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा ऊर्जा, जलस्रोत क्षेत्रलाई महत्त्वका साथ प्राथमिकता दिइएको छ ।

सो कार्यक्रममा आगामी १० वर्षभित्र ३० हजार मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य राखिएको छ । सरकारले ऊर्जा, वन भूमि तथा वातावरणसम्बन्धी कानुन परिमार्जन गरी एकद्वार प्रणाली लागू गर्ने र आयोजना प्रभावित क्षेत्रका नागरिकलाई मुआब्जाको सट्टा शेयर लगानीको विकल्प प्रदान गर्ने नीति तथा कार्यक्रममा समावेश गरेको छ ।

विद्युत् उत्पादन, प्रसारण वितरण र व्यापारमा निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्ने, ऊर्जा आधारित उद्योग प्रवर्द्धन गर्दै आन्तरिक खपतमा व्यापक वृद्धि गर्ने, अन्तरदेशीय ऊर्जा व्यापार सम्झौतालाई दीर्घकालीन लगानी आकर्षित गर्ने माध्यम बनाउने कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ ।

राष्ट्रिय ग्रिड नपुगेका स्थानमा अफग्रिड सौर्य, वायु तथा लघु जलविद्युत् प्रणाली विस्तार गर्ने, ग्रिन हाइड्रोजन, हरित अमोनिया तथा रासायनिक मलजस्ता रणनीतिक हरित उद्योगलाई प्रवर्द्धनका लागि कर भन्सार छुट सहुलियतपूर्ण विद्युत् दर, पुँजी प्रोत्साहन र लगानीमैत्री नीति लागू गर्ने, यातायात क्षेत्रमा व्यावसायिक प्रयोग विस्तार गर्न ग्रिन हाइड्रोजन पूर्वाधारको सुरु गर्ने विषय समावेश गरिएको छ ।

तराई मधेसका सिँचाइ सेवा नपुगेका क्षेत्रमा भूमिगत जलस्रोतमार्फत पहाडी र हिमाली क्षेत्रका कृषियोग्य टारहरूमा लिफ्ट प्रविधिमार्फत सिँचाइ सुविधा सुनिश्चितता गरिनेछ । ठूला सिँचाइ प्रणालीको आधुनिकीकरण, मर्मत सम्भार तथा पुनः स्थापना गर्दै उपभोक्ता सहभागितामा आधारित दिगो व्यवस्थापन प्रणाली लागू गरिने भएको छ । रासस



**प्रयोगात्मक अभ्यास गर्दै विद्यार्थी**
म्याग्दीको मङ्गला गाउँपालिका-१ बाबियाचौरमा रहेको मङ्गला माविमा कृषि प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरू प्रयोगात्मक अभ्यास गर्दै । प्रयोगात्मक अभ्यासका लागि मङ्गला माविका विद्यार्थीले दुई रोपनी जमिनमा तरकारी खेती गरेका छन् । ***तस्बिर :** सन्तोष गौतम/रासस*

# सुरक्षण मुद्रण केन्द्रमा लाइसेन्स छपाइ जारी

काभ्रेपलाञ्चोक, २८ वैशाख । काभ्रेको पनौती नगरपालिका-५ धनेश्वरस्थित सुरक्षण मुद्रण केन्द्र ( सेक्युरिटी प्रिन्टिङ प्रेस)मा आउँसो असार मसान्तसम्ममा थप १७ लाख थान 'स्मार्ट' सवारी चालक अनुमतिपत्र (लाइसेन्स) छापिने भएका छ । यसका लागि केन्द्रले यातायात व्यवस्था विभागसँगको सम्झौताअनुसार यही वैशाख तेस्रो सातादेखि छपाइ थालिएको जनाएको छ ।

विभाग र केन्द्रबिच यही वैशाख ४ गते 'क्युआर-कोड' सहितको स्मार्ट लाइसेन्स छपाइसम्बन्धी सम्झौता भएपछि काम सुरु गरिएको हो । आउँदो असार मसान्तभित्र १७ लाख थान लाइसेन्स छपाइ गर्ने लक्ष्यसहित काम अघि बढाइएको केन्द्रका उपसचिव गोपालराज तिमिल्सिनाले जानकारी दिनुभयो । उहाँका अनुसार विभागसँगको पहिलो चरणको सम्झौताअनुसार १२ लाख थान लाइसेन्स छपाइ गरी वैशाख पहिलो सातामा विभागलाई हस्तान्तरण गरिएको छ । सरकारले बाँकी रहेका ब्याकलग लाइसेन्स छपाइ सम्पन्न गर्नुका साथै दैनिक मागलाई प्राथमिकतामा राख्दै दोस्रो चरणको सम्झौता गरिएको जनाइएको छ ।

यस्तै दोस्रो चरणको छपाइका लागि आवश्यक कागजलगायत सामग्री खरिद गर्न खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडसँग सम्झौता गरिएको तिमल्सिनाले बताउनुभयो । पहिलो चरणको १२ लाखमध्ये अत्यावश्यक ३७ हजार ६९८ थान, ब्याकलग ११ लाख ३१ हजार ७५ थान र दैनिक प्रिन्ट ३१ हजार २२ सय ७ थान लाइसेन्स छापी विभागलाई हस्तान्तरण गरेको तिमिल्सिनाले जानकारी दिनुभयो । केन्द्र र विभागबिच २०८२ कात्तिक १२ गते छ महिनाभित्र १२ लाख थान लाइसेन्स छपाइ गर्ने सम्झौता गरिएको थियो । केन्द्रले निर्धारित समयअघि नै उक्त काम सम्पन्न गरेको हो । केन्द्रमा हाल नौ जना इन्जिनियर र १६ प्राविधिक कर्मचारी गरी २५ जना कर्मचारीलाई खटाइएको छ ।

हाल सम्झौताअनुसारको कच्चा पदार्थ आयातका लागि केही हप्ता लाग्ने भएकाले हाललाई अत्यावश्यक तथा २४ घण्टे सेवाअन्तर्गतका लाइसेन्स मात्र छापिएको केन्द्रले जनाएको छ । यस्तै दोस्रो चरणको सम्झौताअन्तर्गत विभिन्न प्रकृतिका करिब २३ हजार थान लाइसेन्स छपाइ गरी विभागलाई हस्तान्तरण गरिसकिएकोसमेत तिमल्सिनाले बताउनुभयो । उहाँका अनुसार केन्द्रले हुलाक सेवा विभागसँगको सम्झौता अनुसार हालसम्म ३० लाख थान हुलाक टिकट छापेर हस्तान्तरण गरिसकिएको छ । थप ६० लाख थान टिकट छाप्ने सम्झौता प्रक्रियामा रहेको जनाइएको छ ।

यसैबिच सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमल्सिनाले केन्द्रको यही वैशाख ४ गते अनुगमन निरीक्षण गरी बजेट अभावमा केन्द्रमा जारी काम नरोकिने बताउनुभएको थियो । उहाँले आवश्यक बजेट व्यवस्थापनार्थ अर्थ मन्त्रालयसँग समन्वय भइराखेको तथा केन्द्रको आम्दानीको पनि मूल्याङ्कन गरी बजेटले भौतिक निर्माणलगायतका कुनै पनि काम नरोकिने उहाँको भनाइ थियो । इन्धन भण्डारणलगायत ऊर्जाशील उपकरण करिब रु. एक अर्बका भौतिक संरचना 'सुतिरहेको'मा दुःख व्यक्त गर्दै मन्त्री तिमल्सिनाले मर्मत गर्नुपर्ने भए गरेर पूर्णरूपमा सञ्चालनमा ल्याइनेसमेत आश्वासन दिनुभएको थियो ।

निरीक्षणका क्रममा केन्द्रको भौतिक तथा अन्य उपकरणको क्षमताका आधारमा एक वर्षभित्र पूर्णरूपमा सञ्चालन गर्न मन्त्रालयले योजना बनाइरहेकोसमेत मन्त्री तिमल्सिनाले बताउनुभएको थियो ।

सूचना-प्रविधि पार्क (आइटी पार्क)का लागि निर्माण गरिएका भौतिक पूर्वाधार प्रयोगविहीन अवस्थामा रहेपछि सोही पार्कलाई छ वर्षअघि केन्द्रमा परिणत गरिएको थियो । केन्द्रमा राहदानी, बैङ्क नोट, चालक अनुमतिपत्र, स्मार्टकार्ड, हुलाक टिकट, अन्तः शुल्क स्टिकर, सिमकार्डलगायत सुरक्षित छपाइ गर्न सकिनेछन् ।

पार्कभित्रै खानेपानीका लागि एक/एक लाख लिटरका दुई वटा खानेपानीका ट्याङ्की निर्माण, छापाखानाका लागि आवश्यक पर्ने चार ठुला जेनेरेटर जडान तथा उक्त जेनेरेटर सञ्चालन गर्ने इन्धन भण्डारका लागि तीन लाख लिटर क्षमताको अण्डरग्राउण्ड डिजेल ट्याङ्की निर्माण सम्पन्न भइसकेका छन् । प्रेस सञ्चालनमा आएपछि सुरक्षित मुद्रणबापत नेपालबाट वार्षिक रूपमा बाहिरिने रु. १० अर्ब जोगिन अपेक्षा गरिएको छ ।

विसं २०५७ मा निर्माण सुरु गरिएको उक्त आइटी पार्क निर्माण कार्य सम्पन्न भई ०६१ मा नेपाल सरकारलाई हस्तान्तरण गरिएको थियो । कूल २५७ रोपनी जमिनमा अवस्थित पार्कभित्र दुई वटा ठुला व्यापारिक/प्रशासनिक, भण्डारण भवन तथा चार सुविधासम्पन्न आवासीय भवनलगायत दसैँ भवन छन् । तत्कालीन समयमा दक्षिण एसियामै नमूना र ठुलो मानिएको यो पार्क सञ्चालनमा ल्याउन नसक्दा पार्क जीर्ण अवस्थामा पुगेको थियो । *(रासस)*

# तटबन्ध उचाइ बढाउन स्थानीयको माग

टीकापुर, २८ वैशाख । कैलालीको टीकापुर-५ दौलतपुरस्थित कर्णाली नदीमा निर्माण भइरहेको तटबन्ध उचाइ कम भएकाले उचाइ बढाउनुपर्ने स्थानीयले माग गरेका छन् ।

उचाइ होचो भएकाले नदीमा पानीको बहाव बढेका बेला जोखिम कम नहुने स्थानीयको गुनासो छ । नदी किनारको उचाइ १२ मिटर भए पनि नौ मिटर कङ्क्रिटसहित तटबन्ध र त्यसको माथि एक मिटर ग्राभेल गरेर १० मिटर मात्र बन्न थालेको भन्दै स्थानीयले किनारको उचाइ बराबर बनाउन माग गरेका छन् । विसं २०७० मा चिसापानीमा पानीको बहाव १६ मिटर पुग्दा यहाँ १२ मिटर माथिबाट पनि पानी अति प्रवाह (ओभरफ्लो) भएर गाउँमा क्षति भएकाले तटबन्ध निर्माणमा समयमै ध्यान दिनुपर्ने कर्मीडाँडाका सिंहराज बुढामगरले बताउनुभयो । "तटबन्ध दीर्घकालीन सोचका साथ बनाउनुपर्छ, यसअघि नै जोखिम मोलिसकेका नागरिक सुरक्षित राख्न तटबन्धको उचाइ पर्याप्त भएन", उहाँ भन्नुहुन्छ, "दुई मिटर होचो बन्दैछ, यसको उचाइ कम भयो । उचाइ बढाउन सबै क्षेत्रबाट पहल गरिदिन आग्रह गर्दछु । बर्खामा नदीमा पानीको बहाव बढेमा जोखिम हुन्छ ।"

तटबन्धको उचाइ कम भएकै कारण बर्सातमा कर्णाली नदीको पानी गाउँमा पसेमा टीकापुर-५ मात्र नभई तल्लो क्षेत्रका वडा ६, ७, ८ र ९ लाई पनि असर गर्ने देखिन्छ । यहाँ हरेक वर्ष आउने बाढीले कर्णाली नदीको पानी बस्तीमा पस्ने जोखिम रहेको छ । हरेक वर्ष तटीय क्षेत्रका दर्जनौँ परिवार बर्खामा घर छोड्नुपर्ने बाध्यता रहेको दक्षिण साहीपुरका बरघर धर्मराज जैशीको भनाइ छ । "अहिले बनिरहेको तटबन्ध उचाइ कम भएकाले जोखिम घट्ने देखिँदैन", जैसी भन्नुहुन्छ, "स्थानीयको डर घटेको छैन ।"

यहाँ रानीजमरा कुलरिया सिँचाइ आयोजनाअन्तर्गत निर्माण कम्पनीले ठेक्का लिएर तटबन्ध गरिरहेको छ । आयोजनाले दिएको लागत अनुमानअनुसार काम गरिरहेको निर्माण कम्पनीले बताएको छ । "काम गर्ने क्रममा केही ठाउँहरू भत्काएर काम भइरहेको छ । भत्काएका ठाउँमा निर्माण चलिरहेको छ", निर्माण कम्पनीका साइड इञ्चार्ज ओभरसियर माधवप्रसाद लेखकले भन्नुभयो, "सम्झौताअनुसार काम भइरहेको छ ।"

रानीजमरा कुलरिया सिँचाइ आयोजनाका सुपरभाइजर रामकृष्ण चौधरी अहिलेको काम लागत अनुमानअनुसार नै भइरहेको बताउनुभयो । "यस्तो लागत अनुमान किन बन्यो भन्नेबारे आफूलाई जानकारी छैन, मैले मेरो जिम्मेवारी निगरानी गर्ने काम गरिरहेको छु", उहाँले भन्नुभयो ।

कर्णाली नदीमा निर्माण कम्पनीले दुई हजार ३६३ घनमिटरको ठेक्का लिएर तटबन्ध निर्माण गरिरहेको छ ।

**। सम्पादकीय ।**

# दलको नैतिक पुँजी भनेको जनताको विश्वास हो

कुनै दलले बहुमत प्राप्त गर्नु या दल ठुलो बन्नु नै दलको सच्चाइ होइन । दल जतिसुकै शक्तिशाली या बलियो भए पनि देशलाई सही दिशा दिन सकेन, बहुमत जनताको भावनाअनुसार सत्तारूढ दल अघि बढेन भने त्यो सरकार सफल भएको मानिँदैन । विगतमा ठुलो दलको अहङ्कार र अरू दललाई नगन्नेकै कारण पतन भएकोमा शङ्का छैन । अहिले सरकारको नेतृत्व गर्ने दल रास्वपामा पनि अहङ्कार देखिएको छ । बहुमतको नाउँमा मनपरी निर्णय गर्नु हैकमवाद हो । हैकमवादले केही काम त गर्ला । तर, त्यो काम जनताको पक्षमा हुनेछैन । जनआधार र नैतिक धरातल गुमेपछि सत्तारूढ दलप्रति जनताको विश्वास गुम्छ । राजनीतिक दलको नैतिक पुँजी भनेको जनताको विश्वास हो; यो जनताको विश्वास जित्ने आधार हो । अरूले ऐलानी जग्गामा घर बनायो भनेर भत्काउने तर आफ्ना दलका सांसदहरूले बनाए पनि नभत्काउने सरकारको पक्षपातपूर्ण निर्णयले जनताको विश्वास जित्न सकिँदैन ।

काम गर्नमा इच्छाशक्ति भएर मात्र हुँदैन, गरिएको काम व्यवस्थित, नियन्त्रित र भरपर्दो हुनुपर्छ । जनताले चाहेको सुशासन हो, डोजरतन्त्र होइन; जनताको जीवनमा परिवर्तन हो । सुशासनको अर्थ राज्यको शक्ति प्रदर्शन होइन; बलजफ्ती बस्ती भत्काउनु होइन । सरकारले सुकुमवासी बस्तीमा डोजर चलाउनुअघि नै उनीहरूको बसोबासको व्यवस्था गर्नुपर्ने हो । कुनै अध्ययन, लेखाजोखा नै नगरी सुकुमवासी बस्तीमा डोजर चलाउनुको अर्थ बहुमतको अहङ्कार देखाउनु हो । बलजफ्ती काम गर्नु हो । राज्यले कमजोर या विपन्न वर्गको हित हेर्नुपर्ने हो । तर, सरकारले जो पीडित छन्, विपन्न छन्, हरेक दिन श्रम गरेर जीवन निर्वाह गर्न बाध्य छन्; उनीहरूलाई नै उठिवास गर्ने कामले यो सरकार श्रमजीवीवर्गको पक्षमा नभएको थाहा हुन्छ । हुकुमवासीको नाउँमा सुकुमवासीको बस्ती उजाड बनाउनु कतिको न्यायोचित हो ?

हुकुमवासीहरूको घर छानी छानी भत्काइएको भए सरकारले स्यावासी पाउँथ्यो । बस्तीमा अधिकांश सुकुमवासीहरू थिए । वैकल्पिक व्यवस्था गरेर घर खाली गरिएको भए सुकुमवासीको चिच्याहट सुन्नुपर्दैनथ्यो । सन्तानको पढाइ छुट्दैनथ्यो । चिस्यानमा रात काट्नु पर्दैनथ्यो । रोईकराई बाँच्नुपर्ने स्थिति आउँदैनथ्यो । बस्ती भत्काएर, सुकुमवासीलाई पीडित बनाएर र अन्योलमा छोडेर उनीहरूको कसरी उदार हुन्छ ? श्रमजीवी जनताको मत लिएर दल ठुलो हुन्छ । ठुलो दलको हैसियतले सरकारको नेतृत्व गर्छ । सरकारको नेतृत्व गरेपछि उही श्रमजीवी जनतालाई मर्का पर्ने काम राज्यले गर्छ । रास्वपाले बहुमत पाउँदा अब देशमा केही गर्ला कि भन्ने जनतामा विश्वास थियो । तर, जनताको विश्वासमा तुषारापात भयो ।

देशका नेता र धनाढ्यहरूको विदेशमा सम्पत्ति थुपारेको कुरा प्रकाशमा आयो । सरकारले विदेशमा सम्पत्ति राख्न नपाउने बन्दोबस्त गरेको भए 'नेपालले फिर्ता ल्याउन सक्छ बिदेसिएको अवैध सम्पत्ति ?' भनी शङ्का गर्नुपर्ने स्थिति आउँदैनथ्यो । नेपालकै अदालतले बिदेसिएको सम्पत्ति अवैध घोषणा नगरेसम्म सम्पत्ति पुनः प्राप्तिको अन्तर्राष्ट्रिय प्रक्रिया अघि बढ्न सक्दैन । विदेसिएको अवैध सम्पत्ति फिर्ता ल्याउने विषय राजनीतिक नारा एजेन्डामात्र होइन यो राज्यको र अन्तर्राष्ट्रिय सहकार्य क्षेत्रको परीक्षण पनि हो ।

विदेशमा कसैले राखेको पैसा समयको अवधि दिएर राज्यले स्वदेशमा ल्याउन सूचना जारी गर्नुपर्छ । निर्धारित समयभित्र कसैले विदेशमा रहेको पैसा स्वदेशमा ल्याएन भने सो पैसा राष्ट्रियकरण गर्नुपर्छ या देशमा उद्योगधन्दा खोल्न लगानी गर्नुपर्छ । त्यसपछि सरकारले विदेशमा पैसा जम्मा गर्न नपाउने व्यवस्था गर्नुपर्छ । सरकारले त्यो व्यवस्था नगर्दा अहिले कुन नेता, उद्योगी, व्यापारी या उच्चपदस्थ व्यक्तिहरूको विदेशको कुन बैङ्कमा कति पैसा थुपारिएको छ भन्ने थाहा पाउन सकेको छैन । नेपालबाट अवैधरूपमा बिदेसिएको सम्पत्ति फिर्ता गर्ने जटिल प्रक्रियालाई सहज बनाउन या त्यो समस्याको पार लाउन राज्यले आवश्यक पाइला चाल्नुपर्छ । नत्र, देशमा अवैध सम्पत्ति थुपार्ने काम रोकिने छैन । देश र जनतालाई गरिब बनाएर थोरै मान्छे देशको धनाढ्य बन्ने र बनाउने काम राज्यले रोक्न सक्दैन ।

# लोकतन्त्र भनेको 'एल्गोरिदमतन्त्र' होइन, न त 'मिदासतन्त्र' नै हो !

✍ सुरेन्द्रराज गोसाई

अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा आयोजित ऱ्यालीमा आज हामीले विभिन्न समसामयिक नाराहरू लगायौँ । जल्दाबल्दा समस्याबारे आवाज दियौँ : 'जनताको बचत फिर्ता गर !', 'सहकारी ठगहरूलाई कारबाही गर !' किसानहरूको पक्षमा काम गर्न जोड दियौँ । रासायनिक मल कारखाना देशमै खोल्न माग गऱ्यौँ । हामीले जोड दिँदै भन्यौँ : "महँगी अति भयो ! बजारभाउ नियन्त्रण गर ! भ्रष्टाचारीहरूलाई कारबाही गर !" यो जनताको आवाज हो । यो समयको आवाज हो ।

वर्तमान सरकार सुन्छ या सुन्दैन । स्वरमा स्वर मिलाई हामी भन्छौँ : 'किसानहरूका लागि मल, बीउबिजनको बन्दोबस्त गर !', 'कृषि उत्पादनमा विशेष जोड देऊ !' युवाहरूको पक्षमा हामी भन्छौँ : स्वदेशमै रोजगारीको बन्दोबस्त गर ! हिजोका पुराना कलकारखानाहरू : हेटौँडा सिमेन्ट कारखाना, जगाती इँटाटायल कारखाना, भृकुटी कागज कारखाना, ट्रलिबस आदि हामी खोज्दै छौँ । सरकारले ती कलकारखानाहरूलाई ब्युँताउने साहस गरोस् । ठुलठुला र चटके कुराहरू होइन, व्यावहारिक कामहरू थालेर आफ्नो उपस्थिति देखाउनको हामी सरकारसमक्ष माग गर्दछौँ । यो मजदुरहरूको माग हो, यो किसानहरूको माग हो, यो कामदार जनताको माग हो ।

सुशासनको नारा दिएर, भ्रष्टाचारविरुद्ध नारा लगाउँदै फागुन २१ गतेको निर्वाचनपछि सिंहदरबार पसेको लस्कर देख्यौँ । हिजो जलाइएको सिंहदरबार पस्नेहरूले त्यो खरानी साक्षी राखेर जनताको पक्षमा थोरै भए पनि इमानदारी, थोरै मात्र पनि विवेक र थोरै भए पनि देशभक्तिलाई व्यवहारमा उतार्ने साहस देखाऊन् । हिजो जलाइए सिंहदरबार, बालुवाटार, शीतल निवास । हाम्रा धेरै सार्वजनिक सम्पत्तिहरू जलाइए । ती घटनाहरू पुराना होइनन् । ती जलाइएका भवनहरूलाई साक्षी राखेर हामी भन्छौँ, सम्पदाहरू अब फेरि नजलाइयून् ! जनताका मनहरू फेरि पनि नजलाइयून् ! जनताका छोराछोरीहरूको छातीमा कहिल्यै गोली नडागियोस् ! हामी जोडका साथ भन्छौँ : "हामी अझै न्यायको खोजीमा छौँ । हामीले न्याय पाएका छैनौँ ।" जनता अन्याय र शोषणको विरोध गर्दै छन् । फेरि पनि त्यो शोषणविरूद्धको आवाजलाई कम नठानियोस् । श्रमिक दिवसको अवसरमा हाम्रो सुझाव छ ।

हामीले बारबार भन्यौँ, एमसीसीले यो देशको रक्षा हुनेछैन । हामीले बारबार भन्यौँ, एमसीसी, एसपीपी भनेको देशको सवालमा विष साबित हुनेछ । हाम्रो काल साबित हुनेछ । त्यसकारण, हामीले एमसीसीविरूद्ध सडक र सदनमा आवाज बुलन्द गऱ्यौँ । हामीले एमसीसी सम्झौतापश्चात्का घटनाहरू देखिरहेका छौँ । हामी भोगिरहेका छौँ । यो जरुर पनि संयोग मात्र होइन । एमसीसीपछि ९ हजार माइल टाढाको देश अमेरिकाबाट आज विशेष अमेरिकी दूतहरू बाक्लो ढङ्गमा काठमाडौँमा उपस्थिति जनाइरहेका छन् । अमेरिकी दूतावास कसरी नेपालमा खेल्दै छ ? हामी भोग्दै छौँ, हामी देख्दै छौँ । हामी फेरि पनि साम्राज्यवादविरूद्ध लड्नका निम्ति श्रमिक दिवसको अवसरमा जनतासमक्ष आह्वान गर्दै छौँ । अमेरिकाको शिकागो सहरको त्यो भावना, १४० वर्षअगाडिको मजदुरहरूको त्यो सङ्घर्षबाट प्रेरणा लिएर भन्छौँ - "अमेरिकी साम्राज्यवाद मुर्दावाद ।" अमेरिकी साम्राज्यवादको अन्त्य नभएसम्म विश्वका मजदुरहरूले स्वतन्त्रताको स्वास



फेर्न पाउने छैनन् ।

आज संयोगले बुद्ध जयन्ती पनि हो । यही धर्तीबाट आजभन्दा २५७० वर्षअघि गौतम बुद्धले शान्तिको सन्देश फैलाउनुभयो । यदि विश्वको अस्तित्व जोगाइराख्ने हो भने शान्ति अपरिहार्य छ । हो, हामी फेरि थप्छौँ, समानता र स्वतन्त्रताबिना शान्ति आउँदैन । साम्राज्यवाद ज्यूँका त्यूँ रहेसम्म, फासीवादको जगजगी कायम रहेसम्म विश्वमा शान्ति सम्भव हुन्न । त्यसकारण, शान्तिको निम्ति गाँस, बास, कपासको आवश्यकता पर्दछ । शान्तिको निम्ति स्वतन्त्रता आवश्यक पर्दछ । शान्तिको निम्ति स्वाधीनता आवश्यक पर्दछ । शान्तिको निम्ति समानता आवश्यक पर्दछ । हो, यस्तै शान्तिको खोजीमा छौँ । गौतम बुद्धले देखाएको त्यो बाटोमा हामी हिँड्दै छौँ । तसर्थ, हामी लगाउँछौँ, स्वतन्त्रताको नारा, हामी लगाउँछौँ, स्वाधीनताको नारा, हामी लगाउँछौँ, समानताको नारा । समानतासहितको शान्ति, स्वतन्त्रतासहितको शान्ति, युद्धबिनाको संसार अहिलेको आवश्यकता हो । अहिले अमेरिकी साम्राज्यवाद चारैतिर युद्धको वर्षा गर्दै छ । हिजो प्यालेस्टिनमाथि हमला गऱ्यो । ७४ हजार त्यहाँका अबोध बालबालिका, आमाहरू, निर्दोष मानिसहरूलाई ट्रम्प र नेतान्याहूले हत्या गरे । त्यहाँका ८० प्रतिशतभन्दा बढी घर, भवन, आवासहरू जलाइए, ध्वस्त पारिए । त्यस युद्धको विरुद्ध, इजरायली फासीवाद तथा अमेरिकी साम्राज्यवादको विरूद्धमा संसारका जनता एकजुट भएर सडकमा उत्रे । अमेरिका पछाडि हट्न बाध्य भयो । जसरी शिकागोका मजदुरहरूले विद्रोह गरेका थिए आज ट्रम्प महाराजको विरूद्ध त्यहाँका लाखौँलाख जनता सडकमा छन् । त्यहाँका जनताले शान्ति मागिरहेका छन् । अमेरिकी जनताले युद्धको अन्त्यको माग गरिरहेका छन् । हामी शान्तिप्रेमी तथा न्यायप्रेमी नेपाली जनता पनि आज साम्राज्यवादको विरूद्ध, शान्तिको पक्षमा, स्वतन्त्रताको पक्षमा, स-साना देशहरूको अस्तित्व रक्षाको पक्षमा आवाज बुलन्द गर्दै छौँ । त्यसमा नेपाल मजदुर किसान पार्टी अग्रमोर्चामा रहेर सङ्घर्ष गर्दै छ ।

अमेरिकी साम्राज्यवादले तेलको अर्को खानी ल्याटिन अमेरिकाको देश भेनेजुयलामा मजदुर नेता हुँदै राष्ट्रपति बनेका निकोलस मादुरोलाई डाँका शैलीमा अपहरण गरेर अमेरिकामा कैद गरिराखेको अवस्था छ । मजदुर तथा भेनेजुयली जनताका नेता माडुरो र उनका जहानको शीघ्र रिहाइको यही स्थानबाट पनि नेपाली जनताको तर्फबाट माग गर्दछौँ ।

ऊर्जाको अर्को एउटा खानी इरानमाथि अमेरिकी साम्राज्यवादले लगातार हमला गर्दै छ । अमेरिकी जनताले त्यसको पनि विरोध गरे । संसारका न्यायप्रेमी तथा शान्तिकामी जनताले त्यो युद्धको विरोध गरे । अमेरिका केही पछाडि हट्न बाध्य भयो । पछाडि हटिसकेको अमेरिका अझै निहुँ खोज्दै छ । इरानमाथि हमला गर्ने बहाना खोज्दै छ । त्यसकारण, युद्ध बन्द गर्न सारा मजदुर, नेपाली जनताको तर्फबाट हामी माग गर्दछौँ ।

अमेरिकाले अर्को एउटा दादागिरी संसारमा देखाउँदै छ । पश्चिमी गोलार्द्धमा एउटा समाजवादी देश छ, क्युवा । त्यो देशमाथि अमेरिकाले दबाब बढाउँदै छ । ६० वर्षभन्दा बढी भयो क्युवाविरूद्ध अमेरिकाले चर्को आर्थिक नाकाबन्दी लगाएको । पछिल्लो समयमा सम्पूर्ण खालका प्रतिबन्धहरू क्युवामाथि थोप्दै छ । इन्धन प्रतिबन्धका कारण क्युवाली जनता अत्यन्त कष्टकर जीवन बाँच्दै छन् । क्युवामा यतिखेर ऊर्जा सङ्कट छ । लाखौँ लाख क्युवाली जनता 'मृत्यु या विजय' को नारा लगाउँदै सडकमा छन्; कदापि नझुक्ने अठोट गर्दै छन् । क्युवामाथि भइरहेको अत्याचारविरूद्ध सारा मजदुरहरूले आवाज उठाउन आवश्यक छ । हामी निरन्तर वीर क्युवाली जनताको पक्षमा सङ्घर्षरत छौँ । एकदिन अमेरिकाले घुँडा टेक्नै पर्नेछ । क्युवाली जनताको जीत हुनेछ । अन्तिम जीत क्युवाली समाजवादको हुनेछ । क्युवाली न्यायप्रेमी, स्वाधीनताप्रेमी जनताप्रति पुनः ऐक्यबद्धता जनाउँछौँ ।

हाम्रो देशको सन्दर्भतिर फर्कौँ । भ्रष्टाचार र सुशासनका ठुलठुला कुराहरू हामीले सुन्यौँ । वर्तमान सरकारसमक्ष हाम्रा केही सरल प्रश्नहरू छन् । कृपया विभिन्न माध्यमबाट वर्तमान सरकारसमक्ष पुऱ्याउनका निम्ति हामी आग्रह गर्दछौँ । इन्धन र ग्यास महँगो हुँदा के सुशासन सम्भव हुन्छ ? गए राति ग्यासको मूल्य लगभग २२ सय पुऱ्यायो । के इन्धन र ग्यासको मूल्य बढाएर सुशासनको कल्पना गर्नु उपयुक्त हो ? कामको खोजीमा फेरि पनि अरब, कतार, मलेसिया, विदेश धाउनुपर्ने बाध्यता ज्यूँका त्यूँ राखेर के सुशासन सम्भव हुन्छ ? युवाहरू सारा विदेश पठाएर कसको निम्ति सुशासन ? वर्तमान सरकार गठन भएको ३० दिनमा झन्डै १ लाखभन्दा बढ्ता युवाहरूले त्रिभुवन विमानस्थलमा पुगेर विदेश गएको हामीले सुन्यौँ । के त्यसरी सुशासन सम्भव हुन्छ ? सुशासन कसको निम्ति ? स्कूलहरू बन्द गरेर के सुशासन सम्भव हुन्छ ? पाठ्यपुस्तकहरू नपुऱ्याएर के सुशासन सम्भव छ ? एक महिना शैक्षिक हडतालझैँ गरेर के सुशासन सम्भव हुन्छ ? आज हामी वैशाखको १८ गते यहाँ उपस्थित छौँ । २१ गतेभन्दा अगाडि स्कूल खोल्न नपाइने भन्ने हुकुम कसको हो ? त्यस्तो हुकुमी शासनबाट के सुशासन सम्भव हुन्छ ? शिक्षा महँगो बनाएर के सुशासन सम्भव हुन्छ ? अस्पतालहरू बन्द गरेर के सुशासन सम्भव हुन्छ ? तीन दिन लगातार सार्वजनिक बिदा भएको हुनाले अब सच्याउनुपऱ्यो, वैशाख १८ गते अस्पताल खोल्नु भनी सरकारले सूचना जारी गऱ्यो । गए राति सरकारले अनुनय-विनय गऱ्यो । हाम्रा अस्पतालहरू र मेडिकल सङ्गठनहरूले भने, "हामी बिदामा बस्छौँ, त्यो हाम्रो अधिकार हो ।" यसरी अस्पताल बन्द गरेर सुशासन सम्भव हुन्छ ? स्वास्थ्य महँगो बनाएर के सुशासन सम्भव हुन्छ ? छिरबिरे रङ्गको पोशाक लगाउनेहरू चारैतिर फैलाएर, डण्डा चलाएर, बन्दुक तेर्स्याएर के सुशासन सम्भव हुन्छ ? के हरियो पोशाकको आतङ्क फैलाउन खोजेको हो ? डिजिटल प्लाटफर्महरूमा घृणा फैलाएर के सुशासन सम्भव हुन्छ ? जनतालाई घरबारविहीन बनाएर के सुशासन सम्भव हुन्छ ? वर्तमान सरकारसमक्ष यी यक्ष प्रश्नहरू छन् । यी हाम्रा सवालहरू हुन्, जनताका सवालहरू हुन् । यी हाम्रा जायज सवालहरूको चित्तबुझ्दो जवाफ देऊ ।

सुशासनलाई नारामा सीमित गर्नेहरू सरकारमा सधैँ बसिरहन सम्भव हुन्न । फेरि पनि हामी केही सवालहरू यहाँ उठाउँछौँ । कृपया यो सरकारले कान खोलेर सुन्नको निम्ति हामी विनम्रतापूर्वक अनुरोध गर्दछौँ । म साङ्केतिक रूपमा केही परिभाषा दिन्छु । लोकतन्त्र भनेको एल्गोरिदमतन्त्र होइन । सधैँ एल्गोरिदमबाट शासन गर्न सम्भव हुँदैन । लोकतन्त्र भनेको चुपचापतन्त्र होइन । लोकतन्त्र भनेको मौनतन्त्र होइन । जनतालाई मौन बस्नु, जनतालाई चुपचाप बस्नु भनी आदेश दिनु र आफू मौन बस्छु भनेर कसम खानु लोकतन्त्रमा सुहाउँदैन । लोकतन्त्रमा छलफल आवश्यक हुन्छ । लोकतन्त्रमा बहस आवश्यक हुन्छ । लोकतन्त्रमा जनतासँग अन्तरक्रिया आवश्यक हुन्छ । लोकतन्त्रमा जनताको बिचमा आएर जनताको कुरा सुनेर जवाफ दिन आवश्यक हुन्छ । जावफदेहिता लोकतन्त्रको सुन्दर पक्ष हो । त्यसकारण, लोकतन्त्रको यो सुन्दर पक्षलाई कदर गर्नको निम्ति अनुरोध गर्दछौँ । लोकतन्त्र भनेको नार्सियालीतन्त्र होइन । लोकतन्त्र भनेको नार्सिसिस्टहरू जन्माउनु होइन । लोकतन्त्र भनेको आफैँ महान् भनेर स्वघोषणा गर्नु होइन । त्यसकारण, नार्सियाली रोगबाट वर्तमान सरकारलाई मुक्त हुनको निम्ति हामी सुझाव दिन्छौँ । लोकतन्त्र भनेको मिदासतन्त्र होइन । एकजना मिदास भन्ने राजा थिए । जे छोए पनि सुन होस् भनेर बरदान माग्ने । त्यो वरदान प्राप्त गऱ्यो, सुनैसुन पायो । त्यही अभिशाप बन्यो । त्यस्ता मिदासहरूको तन्त्र लोकतन्त्र होइन । वास्तविक लोकतन्त्र त जनताको तन्त्र हो । गरिबहरूको तन्त्र हो । कामगरी खाने जनताको तन्त्र हो । लोकतन्त्रको यो सुन्दर पक्षलाई कदर गर्न, व्यवहारमा उतार्नका निम्ति हामी सुझाव दिन्छौँ । वर्तमान सरकारसमक्ष हाम्रा यी मागहरू हुन् । यी मागहरूप्रति हेलचेक्र्याइँ नगरियोस् ।

पञ्चायत फाल्न ३० वर्ष लाग्यो । पञ्चायतपछि आएका नक्कली कम्युनिस्टहरू उदाङ्ग्याउन ३५ वर्ष लाग्यो । तर, यी नवसम्भ्रान्तहरू, यी मिदासहरू, यी नार्सिसिस्टहरू, यी नक्कली नागका सौखिनहरू, भ्रष्टाचारकै गर्भबाट जन्मिएकाहरूको पनि पतन अवश्यम्भावी छ ।

*(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा वागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले वैशाख १८ गते १३७ औँ अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा आयोजित कार्यक्रममा व्यक्त विचारको सम्पादित अंश)*

# भ्रष्टाचार, अनियमितता र राजनीतिक भागबन्डाविरुद्ध जनतालाई सुसूचित र सचेत गर्नुपर्ने

✍ रजनी जोशी, उप-प्रमुख, भक्तपुर नगरपालिका



*हरेक राजनैतिक पार्टीहरू एक दर्शनको आधारमा अघि बढेका हुन्छन् । सिद्धान्तसहितको राजनीतिले मात्र समाजमा परिवर्तन ल्याउनेछ । समाजलाई अघि बढाउन अवैज्ञानिक र अन्धविश्वासको विरोध र खण्डन गर्नु आवश्यक छ ।*

विसं. २०५०/०५१ सालदेखि प्रकाशित भएको 'श्रमिक' साप्ताहिकले राष्ट्रिय अन्तर्राष्ट्रिय राजनीति/सामाजिक तथा आर्थिक पक्षबारे आफ्नो दृष्टिकोण उजागर गर्दै आइरहेको छ । देश र जनताप्रति समर्पित यो पत्रिकाले मजदुर किसानको चेतनास्तर उकास्न प्रयास गर्दै छ ।

देशमा समाजवादी व्यवस्था स्थापनाको उद्देश्य पूरा गर्न यो पत्रिकाले समाजवादी व्यवस्था भएका देशहरूको सफल अभ्यासबारे खुराक पस्कँदै छ । क्युवा, उत्तर कोरिया (प्रजग), चीन आदि यसका दृष्टान्त हुन् । देशमा भएका साम्राज्यवादी/पुँजीवादी व्यवस्थाका गतिविधि र त्यसका असरबारे सचेतना दिने, देशको सार्वभौमिकता रक्षाको लागि सङ्घर्ष गर्ने, भारतीय विस्तारवादले नेपालमाथि गरिरहेको हस्तक्षेप र अमेरिकी साम्राज्यवादले लादेको एमसीसी सम्झौताको विरोधमा जनतालाई सचेत गराउँदै आइरहेको छ । भ्रष्टाचार, अनियमितता र राजनीतिक भागबन्डाविरुद्ध जनतालाई सुसूचित र सचेत गर्ने काम निरन्तर गरिरहेको छ र गरिरहने छ ।

एक आदर्श समाज स्थापनाको निम्ति 'श्रमिक' ले थालेको प्रयास खेर जानेछैन ।

हरेक राजनैतिक पार्टीहरू एक दर्शनको आधारमा अघि बढेका हुन्छन् । सिद्धान्तसहितको राजनीतिले मात्र समाजमा परिवर्तन ल्याउनेछ । समाजलाई अघि बढाउन अवैज्ञानिक र अन्धविश्वासको विरोध र खण्डन गर्नु आवश्यक छ ।

सरकारमा बस्ने सत्तासीन दलका नेता र मन्त्रीहरू व्यक्तिगत स्वार्थ र लाभमा लागेको कारण देश रसातलमा पुगेको हामीले देख्यौँ, भोग्यौँ । यस्ता गलत गतिविधिहरूको विरोध गर्ने र जनतालाई सुसूचित गराउने काम 'श्रमिक' साप्ताहिकले निरन्तर गर्दै आएको छ ।

सत्ता गठबन्धन टिकाउन स्थानीय चुनाव सार्नु गलत थियो । दलको सिद्धान्त र जनतामा विश्वास गरौँ । देशभक्त र प्रगतिशील पक्षलाई साथ देऔँ ।

संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहलाई पाँच वर्षको अवधि तोकिएको छ । संविधानमै स्थानीय तह कहिल्यै भङ्ग नहुने र सङ्घको अधिकारभित्र नरहनेबारे स्पष्ट लेखिएको छ । तथापि, २०७८ माघ १५ गतेको राजधानी दैनिकले निर्वाचन सार्ने गरी सुटुक्क ऐन संशोधनको गृहकार्य भइरहेको भन्ने समाचार लेखेको थियो ।

शेरबहादुर देउवाको पालामा १५ वर्षसम्म स्थानीय निर्वाचन गर्न नदिई देशलाई बरबादीतिर धकेलेको थियो ।

रुसको तीव्र विकास (१९९१) पछि साम्राज्यवादीहरूको पछि लागेर १५ देशमा टुक्रिएको कारण त्यसताका सरकारमा रहेका प्रमुखहरूले सिद्धान्त छोडे र शत्रुहरूको प्रशंसा गरे । यसबाट हामीले ठूलो पाठ सिक्नुपर्छ । त्यस्ता भूलहरूबाट बच्नुपर्नेबारे 'श्रमिक' साप्ताहिकले औँल्याएको छ ।

कुनै पनि विकासशील देशको अर्थतन्त्र नै कृषि अर्थतन्त्र र आत्मनिर्भर अर्थतन्त्र हो भन्नेमा दुईमत नहोला । तर, लामो समयसम्म सरकारमा बसेका पार्टीहरूले त्यसबारे कहिल्यै ध्यान दिएनन् । राजनीति दूषित भएको कारणले भ्रष्टाचार, कालाबजार, तस्करीजस्ता अनेकौँ अपराधहरूले शासन व्यवस्थालाई नै कलुषित बनाएकाले देशका हरेक क्षेत्रमा नैतिकताको खडेरी पर्‍यो । जोश र जाँगरका साथ काम गर्ने कामदारवर्गको उत्साहमा कमी आएको कारण बेरोजगारी बढ्नुको साथै विदेशीहरूले त्यसको फाइदा उठाई नेपालमा श्रम शक्तिको अवसर प्राप्त गरे ।

नेपालमा रेमिटेन्सभन्दा बढी खाद्य सामग्री आयात हुन्छ । विदेशमा पढ्न जाने युवाहरूले लाने विदेशी मुद्रा आदिले देशमा लाभभन्दा घाटा बढ्दै गएको छ । देश बरवादीतिर धकेलिएको हो ।

देश, प्रदेश र जिल्लाको पहिचान त्यस ठाउँको नगरले दिने गर्दछ । यसमध्ये प्राचीन नगरहरू अग्रपङ्क्तिमा रहेका हुन्छन् । नगरले मानव समाजको विकास र सभ्यतालाई उजागर गरिरहेको हुन्छ । मानव समाज जङ्गली अवस्थादेखि लामो समयसम्मको सिकाइ र भोगाइबाट आफू र आफ्ना सम्पत्ति सुरक्षित राख्न समुदायको पहलमा नगरको विकास भएको इतिहासबाट जान्न बुझ्न सकिन्छ । ग्रिसका दार्शनिक (४२९-३४७ इसापूर्व) प्लेटो र थोमस मोर (मध्यकालीन समय सन् १४७४ - १५३५) को समयमा स्वप्नलोकपछि मोहेन्जोदारो हडप्पा सभ्यता (ढल/निकास/पोखरी) आवश्यकताअनुसार राखिँदै लगेको इतिहास छ । सोहीअनुसार २१ औँ शताब्दीसम्म पुग्दा ठुलाठुला परिवर्तनहरू भए तापनि पुर्खाद्वारा रचना गरिएका मूर्त र अमूर्त निधिहरूबाट नै हाम्रो सभ्यता, संस्कृति उजागर हुने भएकोले हाम्रो पुस्ताको कर्तव्य नै सम्पदाहरूको जगेर्ना गर्नुपर्दछ भन्ने कुरा 'श्रमिक' साप्ताहिकले प्रस्टयाएको हो आ-आफ्ना कामहरू । इमानदारीपूर्वक गर्नुपर्ने विचार यस 'श्रमिक'ले दिएको छ ।

भ.न.पा.ले सम्पदा संरक्षण र पुनःनिर्माणमा प्राथमिकता दिएको छ । सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्न नाचगानको सहरमा बाजागाजा प्रतियोगिता हुँदै छ । यो वर्ष दाफाभजनको प्रदर्शनी हुने भएको छ । गुरुको सम्मान, रोजगारमूलक तालिम र सम्पदा जगेर्ना गरी हामीले नयाँ पुस्ता तयार गरिरहेका छौँ । स्थानीय पाठ्यक्रमको माध्यमबाट नगरको कला र संस्कृति पहिचानबारे सिकाइ अभ्यास भइरहेको छ ।

आदर निकेतनबारे चिन्तन आवश्यक छ । हाल नेपालको जनसङ्ख्याको जन्मदरको कमी र ज्येष्ठ नागरिकहरूको सङ्ख्या बढेको अवस्था छ । केही वर्षयता नेपालमा पनि अन्य देशहरूमा झैँ ज्येष्ठ नागरिकहरूको निम्ति 'आदर निकेतन' को आवश्यकताबारे बहस हुँदै छ । तर, यसबारे सङ्घ र प्रदेश सरकारको ध्यान गएको देखिँदैन ।

निर्वाचन जित्न ठुलो धन राशीको खर्च गरिएको हुन्छ ।

कति गाउँपालिका र नगरपालिकाहरूको आर्थिक पक्ष कमजोर छ ।

जनताको जन्मदेखि मृत्यु संस्कारसम्मको व्यवस्था मिलाउने जिम्मेवारी सरकारको भए तापनि सङ्घ/प्रदेशको यसतर्फ कुनै चासो छैन । 'आदर्श नगरको पहिचान' दिन भक्तपुर नगरपालिका नगरका हरेक क्षेत्रमा नागरिकहरूप्रति समर्पित भएर लागिरहेको छ । इमानदारीपूर्वक जनताको सेवा गर्ने उत्प्रेरणा जगाइदिनुहुने नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) प्रति हार्दिक आभार व्यक्त गर्छु । 'श्रमिक' साप्ताहिकको सम्पादकीयलाई पुस्तकको रूपमा प्रकाशन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिबारे नागरिकहरूलाई सुसूचित र सचेत गरेकोमा 'श्रमिक' साप्ताहिक परिवारलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । युवा पुस्तालाई आदर्श नगरका नागरिक तयार गर्ने काममा सफलता मिल्ने विश्वास छ ।


***(वैशाख १९ गते आयोजित 'सम्पादकीय सङ्कलन' (तेस्रो खण्ड) र समसामयिक टिप्पणी सङ्कलन 'एकक्षण' पुस्तक सार्वजनिकीकरण कार्यक्रममा व्यक्त मन्तव्यको सार सङ्क्षेप)***

# एआईले जागिर खाइदिन्न, एआई प्रयोग गरेर मालिकले तपाईँको जागिर खान्छ

✍ निल चू

हिजोआज एआईबारे एउटा झूट प्रचार हुँदै छ । कामदारहरूको काम प्रविधिले खाइदिने भयो भन्ने हल्ला पिटिँदै छ । तर, कामदारलाई प्रविधिले विस्थापित गर्दैन । बरु, कम्पनीको व्यवस्थापन समितिले त्यो निर्णय लिएर कामदार हटाउँदै छ । प्रविधिले जागिर खाइदियो भन्नु छलछाम मात्र हो ।

त्यसकारण, हालै चीनको अदालतले गरेको फैसला निकै महत्त्वपूर्ण हुन आउँछ । हाङ्चौस्थित एक प्रविधि कम्पनीले एआई प्रणाली अपनायो; उसले एकजना कामदार राख्यो, उनको मासिक तलब २५ हजार युआनबाट घटाएर १५ हजारमा झार्‍यो; उनले त्यो तलब लिन अस्वीकार गरेपछि कम्पनीले उनलाई निष्कासित गर्‍यो । उनको जागिर खोस्नुलाई अदालतले अवैध करार गर्‍यो र कम्पनीलाई जरिवानास्वरूप ती कामदारलाई २ लाख ६० हजार युआन तिर्न आदेश दियो ।



कागतमा पढ्दा यसलाई सामान्य मजदुर विवाद मान्न सकिएला । वास्तवमा यसले एआई युगको मूल द्वन्द्व उजागर गर्छ ।

एआईले आफै कामदारलाई विस्थापित गर्दैन । कम्पनीहरूले श्रम लागत घटाउन, कामदारहरूको बार्गेनिङ क्षमता कमजोर पार्न र नाफा बढाउन एआई प्रयोग गर्ने बाटो लिँदै छन् ।

**एआई प्राकृतिक विपत्ति होइन**

माथि उल्लेख चिनियाँ कम्पनीले तर्क दियो - एआईले रोजगारीको 'भौतिक परिस्थिति' नै बदलिदिएको छ । यो तर्क अर्थपूर्ण छ । किनभने, बाह्य परिस्थिति वा भैपरीले गर्दा मालिक र मजदुरबिच हुने करारलाई अघि बढाउन असम्भव हुन्छ । परिणाम, केही मजदुरहरूलाई निकाल्नुपर्ने हुन्छ ।

चिनियाँ अदालतले कम्पनीको त्यो तर्कलाई खारेज गर्‍यो ।

एआई अपनाउनु कम्पनीमाथि अकस्मात् आइलागेको बाह्य विपत्ति होइन । यो त व्यवस्थापन समितिले गरेको व्यावसायिक निर्णय हो । कम्पनीले एआईलाई काममा लागू गरेको थियो, एआईको भूमिका तय गरेको थियो, मजदुरको ज्यालामा कटौती गरेको थियो र नयाँ सर्तलाई अस्वीकार गर्ने कामदारलाई कामबाट निकाला गरेको थियो । यसको अर्थ कम्पनीले परिणाम अचानक हावाबाट आएको भनी स्वाङ पार्न मिल्दैन ।

यो तर्कलाई एआईसम्बन्धी धेरै समाचारमा लुकाउने गरिन्छ । कम्पनीले एआई उपकरण खरिद गर्दा कामदारहरूलाई काँटछाँट गर्छ र श्रम लागत घटाउँछ । यसलाई 'प्रविधिको खेल' भन्न मिल्दैन । यो निर्णय खासमा कम्पनीभित्र शक्तिको प्रयोग कसरी गर्ने भन्ने प्रश्नसँग जोडिएको छ ।

**एआईको वास्तविक बहस शक्तिसँग जोडिएको छ**

मिडियामा एआईबारे गलत भाष्य प्रचार गरिँदै छ । मानवविरुद्ध मेसिनको रूपमा बहस छेडिएको छ । यो बहस गलत छ । यसबाट उत्पन्न हुने परिणामलाई स्वाभाविक र अपरिहार्य देखाउन खोजिँदै छ ।

वास्तविक द्वन्द्व खासमा वितरणको हो ।

एआईले उत्पादकत्व बढाउँछ । जसले गर्दा मूल्य सिर्जना हुन्छ । काम चाँडो हुन थाल्छ, लागत घट्न सक्छ र उत्पादन बढ्न सक्छ । तर्कपरक ढङ्गले सोच्ने हो भने एआईले गर्दा कामदारमाथि दबाब घट्नुपर्ने हो र तिनको जीवन अझ सुनिश्चित हुनुपर्ने हो ।

तर, आजको पुँजीवादी मोडलअनुसार नाफाजति माथि सर्ने देखिन्छ । कम्पनी मालिकहरू एआईलाई प्रभावशाली भन्दै छन् । लगानीकर्ताहरूले यसलाई नाफाको विस्तार भन्दै छन् । मजदुरहरूले कामबाट बेदखली, ज्यालामा दबाब र सहुलियतमा कटौती भन्दै छन् ।

मालिक र मजदुरबिचको यो खाडल नै मूल मुद्दा हो । एआईलाई काम गराउनु-नगराउनु विवादको जड होइन । बरु को लाभान्वित हुने भन्ने प्रश्न प्रमुख हो ।

**अमेरिकी तर्कको अब अर्थ छैन**

अमेरिकामा एआईको बहसलाई स्वाभाविक मानिँदै छ । ठुला कम्पनीका प्रबन्धकहरूले हाकाहाकी एआईले कामदार विस्थापित गर्ने चर्चा गर्छन् । केही स्टार्टअप कम्पनीहरूले मान्छेलाई काममा लगाउने परिपाटी बन्द गर्नुपर्ने नारा भट्याउँछन् । यो नाराको भरमा उनीहरूले बजारमा आफ्ना उत्पादन बेच्दै छन् ।

यति नै बेला मजदुरहरूलाई नयाँ परिस्थितिमा अनुकूलित हुन अर्ती दिइँदै छ । उनीहरूलाई नयाँ सीप सिक्न, प्रतिस्पर्धी बन्न र प्राविधिक परिवर्तनसँगै आफूलाई फिट राख्ने जिम्मेवारी बहन गर्न भनिँदै छ ।

तर, बोझ सधैँ एकतर्फी हुन्छ ।

यसरी नयाँ स्थितिमा सङ्क्रमण गर्दा लाग्ने भार कम्पनीले व्यहोर्ने कि नव्यहोर्ने ? यसबारे खासै चर्चा छैन । श्रमिक घटाउँदा उत्पादकत्व बढ्छ । त्यो स्थितिमा लगानीकर्ताहरूले आफ्नो नाफा कटौती गर्ने कि नगर्ने ? यसबारे पनि खासै चर्चा छैन । मार जहिल्यै कमजोर वा लचिलो पक्षमाथि पर्छ । श्रमिक वा कामदार त्यही लचिलो तत्त्व हो ।

**'महँगी बढ्नेछ' भनी तर्क गर्नु अर्थशास्त्रको खोल ओढेको धम्की हो**

कामदारहरूको सुरक्षाका कुरा गर्दा मालिकहरू जहिल्यै 'त्यसो भए महँगी बढ्नेछ' भनी तर्क गर्छन् । कम्पनीले स्वतन्त्र भएर कामदारको सङ्ख्या घटाउन नसके लागत बढ्नेछ र उपभोक्ताले महँगी खेप्नुपर्नेछ भनिन्छ ।

यो तर्कमा एउटा महत्त्वपूर्ण तथ्य लुकाइन्छ ।

यो तर्क गर्नेहरूले खासमा 'नाफा घटाउन सकिन्न' भनेका हुन्छन् । कम्पनीका प्रबन्धक लगाउन उच्च अधिकारीको 'तलब घटाउन सकिन्न' भनेका हुन्छन् । लगानीकर्ताको 'नाफा घटाउन सकिन्न' भनेका हुन्छन् ।

यसरी व्यापारलाई उपभोक्ताविरुद्ध मजदुरको रूपमा प्रस्तुत गरिन्छ । जब कि पुँजीका मालिकहरूलाई छुँदै छोइन्न ।

यो आर्थिक आवश्यकता होइन । बरु एउटा राजनीतिक छनोट वा खेल हो । तर, यो खेललाई व्यवसायको तर्कको खोल ओढाएर लुकाइन्छ । व्यवसाय यसरी नै चल्छ भनेर राजनीति गरिन्छ ।

**यसको अर्थ चीन खोटरहित छ भनेको होइन**

यसको अर्थ चीनले श्रमसम्बन्धी सबै समस्या हल गर्‍यो भनेको होइन । यो एकदम सरल र अपत्यारिलो तर्क हुनेछ ।

कुरा अलि सानो छ ।

माथिको मुद्दामा अदालतले 'कम्पनीले स्वचालित हुने विकल्प छनोट गर्छ भने त्यसबाट आउने भारजति मजदुरलाई बोकाउन मिल्दैन' भन्यो । त्यो स्थितिमा कम्पनीले कामदारहरूसँग सम्झौता गर्नुपर्छ, विकल्प देखाउनुपर्छ वा क्षतिपूर्ति दिनुपर्छ ।

यो फैसलाले न्यूनतम सीमा कोरेको छ ।

धेरै घटनामा यही सीमा पनि स्पष्ट छैन । कतिपय स्थानमा सीमा नै छैन ।

**प्रत्येक कामदारले सोध्नुपर्ने प्रश्न**

एआई विकसित हुँदै जानेछ । रोजगारी बदलिनेछन् । केही काम हराउनेछन् ।

वास्तविक मुद्दा एकदम सरल छ - काम गर्ने ठाउँमा कति बेला एआई ल्याउने, बचतको प्रयोग कसरी गर्ने वा रोजगारीलाई च्याँखेमा राखेपछि के हुन्छ भन्ने निर्णय कामदारहरूले बिरलै गर्छन् ।

उनीहरूले परिणाम भोग्छन्, तर कारणमा भाग लिन पाउँदैनन् ।

यो प्राविधिक मुद्दा होइन । बरु, शक्ति वा सत्ताको सवाल हो ।

हाङ्चौमा भएको फैसला सार्थक छ । किनभने, यसले जिम्मेवारीमा जोड दिएको छ । कम्पनीहरूलाई 'स्वाभाविक' वा 'अपरिहार्य' भन्ने शब्दपछाडि लुक्न पाइँदैन भनेको छ ।

एआईले आफैले तपाईँको रोजगारी खाने होइन । बरु, यसलाई प्रयोग गरेर काम गर्ने सम्झौताका सर्तहरूलाई नयाँ आकार दिइँदै छ ।

यो परिपाटीबिना अवरोध यसरी नै जारी रह्यो भने परिणाम अनुमान गर्ने छैन । उत्पादकत्व त बढ्नेछ तर यसले कामदारहरूको सुरक्षा बढ्नेछैन । बरु, यसले मालिकहरूको छनोट गर्ने क्षमता बढ्नेछ ।

यो प्रगति होइन । यो वर्तमान व्यवस्थाकै निरन्तरता हुनेछ । उपकरणमात्र उन्नत हुनेछन् ।

***स्रोत : एमआर अनलाइन***
***अनुवाद : सम्यक***



प्यालेस्टिनको वेस्ट बैङ्कको दक्षिणी रमल्लाहस्थित कालान्दिया शरणार्थी शिविर बाहिर प्यालेस्टिनी प्रदर्शनकारीहरूमाथि ताकेर गोली चलाउँदै इजरायली सैनिकहरू मे ११, २०२६ का दिन । इजरायलले गाजामाथि आक्रमण गरेलगत्तैदेखि वेस्ट बैङ्कमा पनि शरणार्थी शिविर बन्द गर्ने र प्यालेस्टिनी बस्तीहरू हटाएर यहुदी बस्ती बसाल्न इजरायली सेना र हतियारधारी यहुदीहरूले प्यालेस्टिनीहरूमाथि बल प्रयोग र दमन गर्दै आएका छन् । *तस्विर : जैन जाफर/एएफपी*

# पुटिन निकट श्रोडरलाई मध्यस्थकर्ताको रूपमा अघि सार्न नहुने ईयूका शीर्ष कूटनीतिज्ञको भनाइ

ब्रसेल्स, ११ मे (एएफपी) । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले अघि सारेका पूर्वजर्मन नेता गेरहार्ड श्रोडरलाई युक्रेन युद्धबारे युरोपसँग मध्यस्थता गर्ने मध्यस्थकर्ताका रूपमा गरेको प्रस्तावलाई स्वीकार्न नसकिने सोमबार युरोपेली सङ्घका विदेश नीति प्रमुख काजा कल्लासले बताउनुभएको छ ।

कल्लासले ब्रसेल्समा विदेश मन्त्रीहरूको वार्ताअघि पत्रकारहरूसँग भन्नुभयो, "यदि हामीले हाम्रो तर्फबाट वार्ताकार नियुक्त गर्ने स्थान र अधिकार रुसलाई दियौँ भने त्यो बुद्धिमानी हुनेछैन ।"

उहाँले भन्नुभयो, "श्रोडर रूसी राज्यको स्वामित्वमा रहेका कम्पनीहरूको पक्षधरता लिने उच्च-स्तरीय अधिकारी हुनुहुन्छ । यो स्पष्ट छ कि नेता पुटिनले किन उहाँलाई अघि सार्न चाहनुहुन्छ । वास्तवमा, उहाँ वार्तामा बस्नु भनेको टेबलको दुवै छेउबाट रूसको पक्षमा वार्तालाई अघि बढाउनु हुनेछ ।"

शनिबार युरोपसँग वार्ता पुनः सुरु गर्न कसलाई सहयोग गर्न चाहनुहुन्छ भन्ने प्रश्नमा पुटिनले सन् १९९८ देखि



२००५ सम्म जर्मनीको नेतृत्व गरेका श्रोडरलाई व्यक्तिगत रूपमा प्राथमिकता दिने बताउनुभएको थियो ।

सन् २०२२ मा रुसले युक्रेनमा आक्रमण गरेयता अधिकांश पश्चिमी नेताहरूबाट अलग रहेका उहाँ पद छोडेपछि लामो समयसम्म क्रेमलिनको नजिक रहनुभएको ब्रसेल्सको बुझाइ छ ।

उमेरले असी दशक काटेका (८२ वर्षीय) उहाँले पहिले रूसी ऊर्जा परियोजनाहरूमा प्रमुख भूमिका खेल्नुभएको थियो । उहाँले 'नोर्ड स्ट्रिम ग्यास पाइपलाइन' मा काम गर्नुभएको थियो भनेरूसी तेल फर्म 'रोसनेफ्ट' को एक बोर्ड सदस्यका रूपमा पनि काम गर्नुभएको थियो । उहाँ 'रोसनेफ्ट' बाट सन् २०२२ देखि अलग हुनुभएको थियो ।

पुटिनसँग प्रत्यक्ष रूपमा बृहत् वार्ता गर्ने विषयमा गरिएको प्रश्नमा कल्लासले भन्नुभयो, "युरोपेली सङ्घका सदस्य देशहरूले पहिले त्यस्ता कुनै पनि वार्ताबाट उद्देश्य मिलाउने प्रयास गर्नुपर्दछ । यस महिनाको अन्त्यमा हुने विदेश मन्त्रीहरूको अनौपचारिक वार्तामा यस किसिमको वार्ता गर्न सकिनेछ ।"

"रूससँग छलफल गर्नुअघि, हामी उनीहरूसँग के कुरा गर्ने भन्ने विषयमा छलफल गर्नुपर्छ," कल्लासले थप्नुभयो ।

बर्लिनले पनि पुटिनको श्रोडरलाई मान्ने प्रस्तावमा शङ्का व्यक्त गर्दै प्रतिक्रिया व्यक्त गरेको छ । जर्मनका सरकारी स्रोतहरूले आइतबार एएफपीलाई दिएको जानकारीअनुसार उनीहरूले यसलाई रूसबाट 'फर्जी प्रस्तावहरूको शृङ्खला' को एक भागको रूपमा हेरेका छन् ।

श्रोडरको अडानले उहाँलाई विवादास्पद व्यक्तिका रूपमा खडा गरेको छ । उहाँले कहिल्यै पनि सार्वजनिक रूपमा युक्रेनमा रूसको आक्रमणको निन्दा गर्नुभएको छैन, जसले उहाँलाई पूर्वचान्सलरहरूलाई सामान्यतया प्रदान गर्ने धेरै विशेषाधिकारहरू प्राप्त गर्नबाट पछि पारेको छ ।

# अमेरिकी राष्ट्रपति ट्रम्पद्वारा इरानको सर्त अस्वीकार, इन्धनको मूल्यमा वृद्धि

टोकियो, ११ मे (एएफपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मध्यपूर्वमा युद्ध अन्त्य गर्ने इरानका सर्तहरू अस्वीकार गरेपछि सोमबार एसियाली बजारमा इन्धनको मूल्य बढेको छ । राष्ट्रपति ट्रम्पले आफ्नो पछिल्लो शान्ति प्रस्तावमा इरानको प्रतिक्रियालाई अस्वीकार गरेपछि स्ट्रेट अफ हर्मुजमा थप हिंसा हुने र तेल आपूर्तिमा अवरोध उत्पन्न हुने सम्भावना बढेको छ ।

यस हप्ता चीनको भ्रमणमा जान लाग्नुभएका राष्ट्रपति ट्रम्पले आफ्नो चीन भ्रमणलाई सम्भवतः इरान युद्धको अन्त्यका प्रयासका लागि केन्द्रित गर्ने देखिएको छ ।

उहाँले भन्नुभयो, "मैले भर्खरै इरानका तथाकथित 'प्रतिनिधिहरू' को प्रतिक्रिया पढेको छु । मलाई यो मन परेन । यो पूर्ण रूपमा अस्वीकार्य छ ।"

इरानका राष्ट्रपति मसुद पेजेस्कियनले आइतबार सामाजिक सञ्जाल एक्समा जारी एक सन्देशमा भन्नुभएको छ, "हामी शत्रुसामु कहिल्यै भुक्दैनौँ र यदि वार्ता वा संवादको कुरा हुन्छ भने यसको अर्थ आत्मसमर्पण वा पछि हट्नुहुँदैन ।"

"अमेरिकी राष्ट्रपति ट्रम्पले यी प्रतिमागहरूलाई तत्काल अस्वीकार गर्नुले दुवै पक्षबिचको फराकिलो खाडललाई दर्साउँछ र यसले तनावलाई तीव्र गतिमा कम गर्नुको सट्टा दीर्घकालीन अनिश्चितताको जोखिमतर्फ लाने सङ्केत गर्दछ," जापानी बैङ्क एमयुएफजीका लोयड चानले भन्नुभयो ।

"तेल बजारका लागि, यसले निरन्तर भू-राजनीतिक जोखिमको सम्भावनाको सङ्केत गर्दछ किनकि अब हर्मुजमा अवरोधहरू बढ्दै जानेछन्," चानले थप्नुभयो ।

जापानस्थित इन्धन बजार विश्लेषकहरूले भनेका छन्, "अमेरिकी राष्ट्रपतिको भनाइ सार्वजनिक भएसँगै निक्केई ०.४ प्रतिशत र ह्याङ सेङ ०.३४ प्रतिशतले घटेको थियो तर सियोलको कोप्सी चार प्रतिशतले बढेको थियो ।"

टोकियोमा विशाल जापानी गेमिङ कम्पनीले शुक्रबार यस वर्ष कम नाफा कमाउने चेतावनी दिएपछि निन्टेन्डोको सेयरमा लगभग १० प्रतिशतले गिरावट आएको छ ।

यसैबिच, अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले राष्ट्रपति सी चीनफिङसँगको उच्चस्तरीय शिखर वार्ताका लागि तयारी गर्न चीन जानुअघि जापान र दक्षिण कोरिया भ्रमण गर्ने कार्यक्रम रहेको छ ।

जापानमा बेसेन्टले मङ्गलबार प्रधानमन्त्री साने ताकाइचीलाई भेट्ने तयारी गर्नुभएको छ । टोकियोले येनलाई सहयोग गर्न हालै बजार हस्तक्षेपको रिपोर्ट गरेको छ । सोलमा उहाँले चिनियाँ उपप्रधानमन्त्री हे लिफेङसँग भेटवार्ता गर्ने बताउनुभएको छ ।

वासिङ्टन र पेइचिङले एक वर्षअघि एक अर्काको निर्यातमा व्यापक करवृद्धि गरेका थिए भने ट्रम्प र सीबिच अक्टोबरमा दक्षिण कोरियामा एक वर्ष लामो व्यापार युद्धविरामका लागि सहमति भएको थियो ।

## विश्व सङ्क्षेप

# अमेरिकी राष्ट्रपति ट्रम्पले यसै साता चीन भ्रमण गर्ने चीनद्वारा पुष्टि

पेइचिङ, ११ मे (एएफपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मे १३ देखि १५ सम्म चीनको भ्रमण गर्ने कार्यक्रम तय भएको पेइचिङले सोमबार पुष्टि गरेको छ । वासिङ्टन र पेइचिङबिच भन्सार महसुलदेखि मध्यपूर्व युद्ध र चीनले आफ्नो भूभागको रूपमा दाबी गरेको ताइवानसम्मका प्रमुख मुद्दाहरूलाई हेर्ने दृष्टिमा विवाद छ । राष्ट्रपति ट्रम्पले मार्चको अन्त्य वा अप्रिलको सुरुमा भ्रमण गर्ने कार्यक्रम तय भएको पनि इरान युद्धका विषयमा ध्यान केन्द्रित गर्न उहाँले यसअघि आफ्नो भ्रमण स्थगित गर्नुभएको थियो ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले राष्ट्रपति सी चीनफिङको निमन्त्रणामा अमेरिकी राष्ट्रपति डोनाल्ड जे ट्रम्पले मे १३ देखि १५ सम्म चीनको राजकीय भ्रमण गर्न लाग्नुभएको छ । अमेरिकी अधिकारीहरूका अनुसार व्यापार तनाव कम गर्ने उद्देश्यका साथ ट्रम्पले सीलाई इरानमाथि युरेनियम प्रवर्धन नियन्त्रण र युद्ध अन्त्यका लागि दबाब दिने अपेक्षा गरिएको छ ।

चीन इरानी तेलको लागि एक प्रमुख ग्राहक हो । मुख्यतया, उसले इरानबाट विशेष सहुलियत दरमा ठूलो पैमानामा कच्चा तेल आयात गर्ने गर्दछ । "यो भ्रमण निकै साङ्केतिक महत्त्वको हुनेछ," अमेरिकी प्रमुख सहायक प्रेस सेक्रेटरी अन्ना केलीले संवाददाताहरूसँग भन्नुभएको छ ।

उहाँले भन्नुभयो, "अवश्य पनि, राष्ट्रपति ट्रम्प कहिल्यै पनि प्रतीकवादको लागि मात्र यात्रा गर्नुहुन्न । अमेरिकी जनताले राष्ट्रपतिबाट हाम्रो देशको तर्फबाट थप राम्रो सम्झौता गर्ने आशा गर्न सक्छन् ।" ह्वाइट हाउसका अनुसार ट्रम्पको दोस्रो कार्यकालको पहिलो चीन भ्रमणमा पेइचिङस्थित 'टेम्पल अफ हेभन' को भ्रमण र भव्य राजकीय भोजसहित भव्य समारोहहरू हुनेछन् । सन् २०१७ पछि अमेरिकी राष्ट्रपतिको यो पहिलो चीन भ्रमण हो ।

# स्वदेश फर्किंदै गरेका १७ अमेरिकी नागरिकमध्ये एकमा हन्ता भाइरस सङ्क्रमण पुष्टि

वासिङ्टन, ११ मे (एएफपी) । हन्ता भाइरसबाट प्रभावित क्रुज जहाजबाट स्वदेश फर्किन लागेका १७ अमेरिकी नागरिकमध्ये एक जनामा भाइरसको हल्का सङ्क्रमण देखिएको छ । स्वास्थ्य तथा मानव सेवा मन्त्रालयले भनेको छ, "एक यात्रुमा हाल हल्का लक्षणहरू भेटिएका छन् र अर्को यात्रुमा एन्डिज भाइरसको हल्का सङ्क्रमण पुष्टि गरिएको छ ।" "सावधानीका लागि दुवै यात्रु अहिले विमानको 'बायोकन्टेनमेन्ट युनिट' मा यात्रा गरिरहेका छन्," विज्ञप्तिमा भनिएको छ । स्पेनको क्यानरी टापुबाट उद्धार गरिएका अमेरिकी यात्रुहरूलाई ग्रामीण राज्य नेब्रास्काको विशेष केन्द्रमा लगिनेछ । सामान्य लक्षण देखिएका व्यक्तिलाई दोस्रो सेन्टरमा लगिनेछ । आगमनपछि प्रत्येक व्यक्तिको क्लिनिकल मूल्याङ्कन हुनेछ र उनीहरूको अवस्थाको आधारमा उचित हेरचाह र सहयोग प्रदान गरिनेछ । अर्जेन्टिनाबाट छुटेको 'एमभी होन्डियस' जहाजमा हन्ता भाइरस सङ्क्रमित तीन यात्रुहरूको मृत्यु भएको थियो भने अन्य केही व्यक्तिमा दुर्लभ यस रोगको भाइरस फेला परेको थियो । यो सामान्यतया मुसाहरूबाट सर्ने भाइरस हो ।

# फिलिपिन्सकी उपराष्ट्रपति सारा डुतेर्तेविरुद्ध महाभियोग लगाइने

मनिला, २८ वैशाख (एएफपी) । फिलिपिन्सका सांसदहरूले सोमबार उपराष्ट्रपति सारा डुतेर्तेविरुद्ध महाभियोग लगाउने प्रस्तावहरू सिनेटमा पठाउने सम्बन्धमा भएको मतदानमा बहुमत सदस्यले पक्षमा मतदान गरेका छन् । यो महाभियोग प्रस्ताव दर्ताका लागि पूर्वअभ्यास हो ।

उपराष्ट्रपतिले सन् २०२८ मा गर्ने गरी घोषणा गरेको राष्ट्रपतीय निर्वाचनमाथि प्रश्न गर्दै महाभियोग प्रस्तावको तयारी गरिएको हो ।

महाअभियोगका धाराहरूमा पूर्व राष्ट्रपति रोड्रिगो डुतेर्तेकी छोरीमाथि भ्रष्टाचार, घूसखोरी र पूर्वसहयोगी फर्डिनान्ड मार्कोसविरुद्ध भ्रष्टाचारको आरोप लगाइएको छ । फिलिपिन्सको संविधानअनुसार, महाभियोगमाथि सिनेटमा सुनुवाइ सुरु हुन्छ । सुनुवाईसँगै डुतेर्तेको पद स्वतः निलम्बित हुन्छ भने उहाँ आरोपउपर दोषी ठहरिएमा उहाँको पद स्थायीरूपमा गुम्नुका साथै कुनै पनि निर्वाचित पदका लागि प्रतिस्पर्धा गर्न उहाँ अयोग्य बन्नुहुनेछ ।

# अमेरिकाको टेक्सासमा रेलको डिब्बाभित्र ६ जनाको मृत शरीर भेटियो

ह्युस्टन, २८ वैशाख (एएफपी) । अमेरिकाको दक्षिणी टेक्सासमा आइतबार एक कार्गो रेलको एउटा 'डिब्बा' मा छ जना मृत अवस्थामा फेला परेका अमेरिकी सञ्चारमाध्यमले जनाएका छन् । लारेडो प्रहरी विभागका अनुसार मालवाहक रेल कम्पनी युनियन प्यासिफिकका एक कर्मचारीले अमेरिका-मेक्सिको सीमानजिकै रहेको एउटा मालवाहक रेलमा ती शव फेला पारेका हुन् ।

ती व्यक्तिहरूको मृत्यु कसरी भयो भन्नेबारे प्रहरीले अनुसन्धान गरिरहेको टाइम्सले जनाएको छ । प्रहरीका एक सार्वजनिक सूचना अधिकारी जोस एस्पिनोजालाई उद्धृत गर्दै सीएनएनले जनाएको छ, "यो एक धेरै दुर्भाग्यपूर्ण घटना हो । घटनामा धेरै व्यक्तिको मृत्यु भएको छ ।"

रेल रोकिएको नजिकको तापक्रम आइतबार ९० फरेनहाइट (३२ डिग्री सेल्सियस) पुगेको थियो । सन् २०२३ मा टेक्सासमा रेलमा फसेका दुई आप्रवासीहरूको मृत्यु भएको थियो । एक वर्ष पहिले, ५३ आप्रवासीहरू टेक्सासको एक छुट्टै तातो सडकमा ट्र्याक्टर-ट्रेलरमा रहेका समय मृत्यु भएको थियो ।

# हाम्रो मौलिक न्याय चेतना, स्थानीय अभ्यास तथा ऐतिहासिक अनुभवलाई उपेक्षा गर्नु सन्तुलित दृष्टिकोण हुन सक्दैन

✍ अनिता जधारी

आज राष्ट्रिय कानुन दिवसको अवसरमा आयोजित ख्वप मुट कोर्ट प्रतियोगिताको पुरस्कार वितरण समारोह तथा 'ख्वप न्याय दबु' को तेस्रो अङ्क विमोचन कार्यक्रममा यहाँहरूको गरिमामय उपस्थितिले यस कार्यक्रमलाई अझ अर्थपूर्ण, प्रेरणादायी तथा बौद्धिक बनाएको छ । ख्वप कलेज अफ लको तर्फबाट यहाँ उपस्थित सम्पूर्ण महानुभावहरूलाई हार्दिक स्वागत तथा शुभकामना व्यक्त गर्दछु ।

नेपालमा प्रत्येक वर्ष वैशाख २६ गतेलाई राष्ट्रिय कानुन दिवसको रूपमा मनाइन्छ । नेपाल प्रधान न्यायालय ऐन, २००८ लागू भएको दिनको स्मरणमा यो दिवस मनाउने परम्परा स्थापित भएको हो । उक्त ऐनले नेपालमा आधुनिक न्यायपालिकाको संस्थागत विकास, न्यायिक संरचनाको औपचारिक स्थापना तथा विधिको शासनको अवधारणालाई बलियो आधार प्रदान गरेको थियो । त्यसैले यो दिवस औपचारिक उत्सव मात्र नभई नेपालको न्यायिक विकास यात्राको ऐतिहासिक स्मरण पनि हो ।

तर, यस अवसरमा हामीले एउटा गम्भीर प्रश्नमाथि पनि विचार गर्न आवश्यक छ - के नेपालको कानुनी इतिहास आधुनिक न्याय प्रणालीको स्थापना पछिबाट मात्र सुरु भएको हो ? के नेपालको मौलिक न्याय परम्परा, स्थानीय विवाद समाधान प्रणाली, सामुदायिक न्याय अभ्यास तथा ऐतिहासिक कानुनी दस्ताबेजहरूलाई हामीले पर्याप्त महत्त्व दिएका छौँ ? यी प्रश्नहरू केवल इतिहाससँग सम्बन्धित छैनन्; यी नेपालको कानुनी पहिचान, बौद्धिक स्वतन्त्रता र न्यायिक दृष्टिकोणसँग सम्बन्धित प्रश्नहरू हुन् ।

नेपालको आफ्नै समृद्ध कानुनी परम्परा रहेको छ । 'न्याय विकासिनी' जस्ता ऐतिहासिक कानुनी दस्ताबेजहरूले नेपाली समाजमा न्याय, प्रशासन र सामाजिक व्यवस्थाको प्रारम्भिक संरचनालाई अभिव्यक्त गरेका थिए । त्यसैले, नेपालको कानुनी इतिहासलाई पश्चिमी आधुनिकतासँग जोडेर मात्र हेर्नु पर्याप्त हुँदैन । आधुनिक न्याय प्रणालीको विकास आवश्यक थियो र छ । तर, त्यसकै नाममा हाम्रो मौलिक न्याय चेतना, स्थानीय अभ्यास तथा ऐतिहासिक अनुभवलाई उपेक्षा गर्नु सन्तुलित दृष्टिकोण हुन सक्दैन ।

नेपाल प्रत्यक्ष उपनिवेश बनेको देश होइन । तर, विचार, शिक्षा, नीति तथा कानुनी संरचनामार्फत पश्चिमी कानुनी अवधारणाको प्रभाव नेपाली कानुनी चेतनामा गहिरो रूपमा परेको यथार्थलाई अस्वीकार गर्न सकिँदैन । आधुनिक कानुनी प्रणालीले नागरिक अधिकार, संवैधानिक व्यवस्था, न्यायिक प्रक्रिया तथा संस्थागत उत्तरदायित्वलाई सुदृढ बनाएको छ । तर, यदि कानुन समाजको वास्तविकता, स्थानीय आवश्यकता र जनजीवनसँग विच्छेदित भयो भने न्यायको अनुभूति कमजोर हुन थाल्छ । त्यसैले, कानुन केवल औपचारिक संरचना नभई समाजसँग जोडिएको जीवित प्रणाली हुनुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ ।

हामी प्राय: 'विधिको शासन' को कुरा गर्छौं । निश्चय नै विधिको शासन लोकतान्त्रिक राज्यको आधारभूत मूल्य हो । तर, विधिको शासनको अर्थ केवल कानुनको कठोर प्रयोग होइन । कानुन जनताको अधिकार संरक्षण गर्ने माध्यम हुनुपर्छ, जनतामाथि नियन्त्रण गर्ने साधन होइन । यदि कानुन मानव गरिमा, सामाजिक न्याय र जनहितभन्दा माथि राखियो भने न्यायको मूल भावना कमजोर हुन सक्छ । त्यसैले, कानुन सदैव जनमुखी, न्यायमुखी तथा समयअनुकूल हुनुपर्छ ।

आज ल कलेजहरूको भूमिकामाथि गम्भीर बहस आवश्यक भएको छ । ल कलेज भनेको 'कानुन के हो' भनेर पढाउने संस्थामात्र होइन । ल कलेजले 'कानुन कस्तो हुनुपर्छ', 'कसका लागि हुनुपर्छ', 'न्यायको उद्देश्य के हो', 'राज्य र नागरिकबिचको सम्बन्ध कसरी सन्तुलित हुन सक्छ' जस्ता आधारभूत प्रश्नमाथि अध्ययन, अनुसन्धान तथा बहस गर्ने बौद्धिक केन्द्रका रूपमा विकास हुनुपर्छ ।

यदि कानुनी शिक्षा केवल परीक्षा, डिग्री र जागिरमा सीमित भयो भने समाजले अपेक्षा गरेको न्यायिक चेतना विकास हुन सक्दैन । आजको विश्व तीव्र परिवर्तनको चरणमा छ । जलवायु परिवर्तन, कृत्रिम बुद्धिमत्ता (एआई), साइबर सुरक्षा, डिजिटल शासन, आर्थिक असमानता, मानव अधिकार, प्रविधिमुखी अपराध तथा सामाजिक न्यायका नयाँ प्रश्नहरूले राज्य र कानुन प्रणालीसमक्ष जटिल चुनौतीहरू खडा गरिरहेका छन् । यस्तो अवस्थामा ल कलेजहरूले परम्परागत शिक्षण पद्धतिभन्दा माथि उठेर अनुसन्धान, नीति विश्लेषण तथा सार्वजनिक बहसको नेतृत्व गर्न आवश्यक छ ।

विश्वका प्रतिष्ठित विश्वविद्यालय तथा ल कलेजहरूले सरकारको नीति निर्माण प्रक्रियामा प्रत्यक्ष योगदान गरिरहेका छन् । Evidence-based research, Policy engagement तथा Specialized training मार्फत उनीहरूले राज्यलाई अनुसन्धानमा आधारित सुझाव प्रदान गर्ने, सार्वजनिक नीतिको समीक्षा गर्ने तथा भविष्यका




नीति निर्माता तयार गर्ने कार्य गरिरहेका छन् । विश्वविद्यालय र सरकारबिचको दूरी घटाएर अनुसन्धानलाई व्यवहारसँग जोड्ने यस्तो अभ्यास नेपालका लागि पनि अत्यन्त आवश्यक देखिन्छ ।

नेपालमा धेरैजसो नीति निर्माण तत्कालीन राजनीतिक दबाब, प्रशासनिक अनुभव वा सीमित परामर्शका आधारमा हुने गरेको अवस्था देखिन्छ । दीर्घकालीन राष्ट्रिय हितका लागि अनुसन्धानमा आधारित नीति निर्माण अपरिहार्य हुन्छ । त्यसैले, ल कलेजहरूले सरकार, स्थानीय तह तथा सार्वजनिक निकायहरूसँग सहकार्य गर्दै प्रमाणमा आधारित अध्ययन, नीति समीक्षा तथा विशेषज्ञ सुझाव प्रदान गर्न सक्नुपर्छ भन्ने हाम्रो विश्वास रहेको छ ।

विशेषगरी वातावरणीय न्याय, ऊर्जा नीति, साइबर कानुन, डिजिटल गोपनीयता, कृत्रिम बुद्धिमत्ता, आर्थिक नीति, सामाजिक असमानता तथा क्षेत्रीय विकासजस्ता विषयमा नेपालमा गम्भीर अध्ययन तथा अनुसन्धानको आवश्यकता देखिन्छ । ल कलेजहरूले यस्ता विषयमा अनुसन्धान केन्द्र स्थापना गरेर राज्यलाई आवश्यक बौद्धिक सहयोग प्रदान गर्न सक्छन् ।

यसैगरी, स्थानीय सरकारसँग सहकार्य गरेर स्थानीय तहमा देखिएका कानुनी तथा नीतिगत समस्यामाथि प्रत्यक्ष अनुसन्धान गर्ने, समाधानका उपाय खोज्ने तथा समुदायसँग जोडिएको नीति विकास गर्ने कार्य पनि ल कलेजहरूको महत्त्वपूर्ण दायित्व हुन सक्छ । यसले विश्वविद्यालयलाई समाजसँग प्रत्यक्ष जोड्ने मात्र होइन, अनुसन्धानलाई व्यवहारिक जीवनसँग सम्बन्धित पनि बनाउँछ ।

आज नेपालका कानुनी निकाय, न्यायिक संस्था तथा शैक्षिक संस्थाबिच पर्याप्त समन्वय हुन नसकेको अवस्था देखिन्छ । विश्वविद्यालयमा हुने अनुसन्धान नीति निर्माणसँग जोडिन सकेको छैन । अदालतमा देखिएका व्यवहारिक समस्याहरू शैक्षिक अनुसन्धानका विषय बन्न सकेका छैनन् । कानुन निर्माण प्रक्रियामा शैक्षिक क्षेत्रको बौद्धिक योगदान अपेक्षाकृत सीमित देखिन्छ । त्यसैले, आगामी दिनहरूमा न्यायपालिका, विश्वविद्यालय, अनुसन्धान संस्था तथा ल कलेजहरूबिच सहकार्यको स्पष्ट संरचना निर्माण गर्न आवश्यक छ ।

न्याय प्रणालीलाई जनमुखी, वैज्ञानिक तथा उत्तरदायी बनाउन शैक्षिक अनुसन्धान र व्यवहारिक अनुभवबिचको सम्बन्ध सुदृढ हुनैपर्छ । यदि अदालतमा देखिएका समस्या अनुसन्धानका विषय बन्ने, अनुसन्धानका निष्कर्ष नीति निर्माणमा प्रयोग हुने र नीति कार्यान्वयनको प्रभाव पुन: अध्ययन गरिने चक्र निर्माण गर्न सकियो भने मात्र कानुनी प्रणाली प्रभावकारी बन्न सक्छ ।

यसै उद्देश्यलाई केन्द्रमा राखेर ख्वप कलेज अफ लले पछिल्ला वर्षहरूमा विभिन्न शैक्षिक तथा अनुसन्धानमूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । विद्यार्थीहरूमा अध्ययन, अनुसन्धान र बौद्धिक बहसको संस्कृति विकास गर्ने उद्देश्यले हामीले 'National Conference on Criminal Law and Justice' को सुरुवात गरेका छौँ । आजको समयमा कानुनी शिक्षा केवल पाठ्यपुस्तकमा सीमित रहनु हुँदैन । अनुसन्धान, आलोचनात्मक सोच, नीति विश्लेषण तथा समाजका वास्तविक समस्यामाथि अध्ययन गर्ने संस्कृतिको विकास अत्यन्त आवश्यक छ ।

त्यसैगरी, विद्यार्थीहरूमा तार्किक विश्लेषण, कानुनी Reasoning, अनुसन्धान क्षमता तथा व्यावहारिक वकालत सीपको विकास गर्न यस वर्ष पहिलोपटक 'Khwopa Moot Court Competition' आयोजना गरेका छौँ । Moot Court कानुनी शिक्षाको अत्यन्त महत्त्वपूर्ण अभ्यास हो । यसले विद्यार्थीलाई अदालतको वातावरण, कानुनी तर्क, अनुसन्धान तथा न्यायिक प्रक्रियाको व्यवहारिक अनुभव प्रदान गर्दछ । विद्यार्थीले कानुनलाई केवल पुस्तकभित्र सीमित विषय नभई समाज र जीवनसँग प्रत्यक्ष सम्बन्धित ज्ञानका रूपमा बुझ्न सक्छन् ।

आज पुरस्कार प्राप्त गर्ने विद्यार्थीहरूलाई बधाई दिन्छु । तर, प्रतियोगितामा सहभागी सम्पूर्ण विद्यार्थीहरू प्रशंसाका पात्र हुनुहुन्छ । Moot Court मा जीत वा हारभन्दा पनि सिकाइ महत्त्वपूर्ण हुन्छ । प्रश्न उठाउने साहस, अनुसन्धान गर्ने बानी, तार्किक बहस गर्ने क्षमता तथा कानुनी विषयलाई गहिराइमा बुझ्ने संस्कृतिको विकास नै यसको सबैभन्दा ठूलो उपलब्धि हो ।

आज विमोचन हुन गइरहेको 'ख्वप न्याय दबु' को तेस्रो अङ्क पनि हाम्रो शैक्षिक यात्राको अर्को महत्त्वपूर्ण उपलब्धि हो । कुनै पनि शैक्षिक संस्थाको बौद्धिक स्तर त्यस संस्थाको लेखन, अनुसन्धान तथा प्रकाशन संस्कृतिबाट मापन गर्न सकिन्छ । समाजमा अध्ययन संस्कृति कमजोर बन्दै गइरहेको वर्तमान अवस्थामा लेखन तथा प्रकाशनको निरन्तरता कायम राख्नु आफैँमा महत्त्वपूर्ण कार्य हो ।

'ख्वप न्याय दबु' मार्फत हामीले कानुनी क्षेत्रका लेखक, अध्येता, विश्लेषक, अनुसन्धानकर्ता तथा विद्यार्थीहरूलाई आफ्नो विचार अभिव्यक्त गर्ने साझा मञ्च प्रदान गर्ने प्रयास गरेका छौँ । यसले विद्यार्थीहरूमा लेखन क्षमता, अनुसन्धान चेतना तथा आलोचनात्मक सोचको विकास गर्न सहयोग पुऱ्याउने विश्वास हामीले लिएका छौँ । कानुनी बहसलाई समाजसँग जोड्ने, नयाँ विचार प्रस्तुत गर्ने तथा समसामयिक कानुनी प्रश्नहरूमाथि विमर्श गर्ने उद्देश्यले यो प्रकाशनलाई निरन्तरता दिइएको हो ।

अन्त्यमा, राष्ट्रिय कानुन दिवसको यस अवसरमा म पुन: एकपटक सबैमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । न्याय, समानता, मानव गरिमा तथा जनताको अधिकारको संरक्षण गर्ने कानुनी संस्कृतिको विकास गर्न हामी सबै प्रतिबद्ध बनौँ । कानुनलाई जनतासँग जोड्ने, न्यायलाई पहुँचयोग्य बनाउने तथा अनुसन्धान, बहस र आलोचनात्मक चेतनाको संस्कृतिलाई सुदृढ गर्ने दिशामा हामी सबैको साझा प्रयास आवश्यक छ ।

*(कानुन दिवसको अवसरमा ख्वप कलेज अफ लमा 'ख्वप न्याय दबु' को विमोचन तथा पुरस्कार वितरण कार्यक्रममा प्राचार्य अनिता जधारीले राख्नुभएको मन्तव्यको सार सङ्क्षेप)*

# ट्रम्प, अन्याय र नयाँ अमेरिकी शैली

✍ रस रोजेनफेल्ड

पछिल्लो समय हामीले अमेरिकामा धेरै समयदेखि नदेखेका विषय अन्तर्राष्ट्रिय उदाहरणमा देख्न पाएका छौँ, त्यो हो जवाफदेहिता । एन्ड्र्यु माउन्टबेटन-विन्डसर (पूर्वराजकुमार एन्ड्र्यु) बेलायतको थेम्स भ्याली प्रहरीले 'सार्वजनिक पदमा रहँदा दुर्व्यवहार' गरेको आशङ्कामा पक्राउ परे । अदालतले दोषी ठहर गरेमा आजीवन कारावासको सजायका भागीदार उनले जेलमा नै आफ्नो ६६ औँ जन्मदिन मनाउन बाध्य भए । केही साताअघि सार्वजनिक भएका अमेरिकी एपस्टाइन यौन दुर्व्यवहार प्रकरणमा मुछिएपछि उनी चाँडै अदालतको कठघरमा उभिने प्राय: निश्चित छ । सार्वजनिक भएका फाइलमा एपस्टाइनका निकटका साथी पूर्वराजकुमारसँग जोडिएका र बाल यौन तस्करलाई पठाएको गोप्य इमेल समावेश छन् । माउन्टबेटन-विन्डसरलाई एपस्टाइनको यौन दुर्व्यवहारको 'सर्कल'मा संलग्न भएको आरोप छ । पक्राउ पर्नुअघि माउन्टबेटन-विन्डसरको शाही उपाधि खोसिएको थियो र उनलाई परम्परागत शाही निवासबाट निष्कासनसमेत गरिएको थियो । न्याय उचित रूपमा सम्पन्न होस् भनेर अधिकारीहरूसँग मिलेर काम गर्ने प्रतिबद्धता शाही परिवारले जनाएको छ । यो भयो बेलायतको उदाहरण ।

दक्षिण कोरियामा पनि न्यायिक फैसला उचित रूपमा सुनाइएको थियो, किनकि पूर्वराष्ट्रपति युन सुक येओललाई डिसेम्बर २०२४ मा उनको विद्रोहको प्रयासका लागि दोषी करार गर्दै त्यहाँको एक अदालतले आजीवन कारावासको सजाय सुनाएको थियो । उनले त्यहाँ प्रजातन्त्रलाई उल्ट्याउन र आफ्ना राजनीतिक शत्रुविरुद्ध मार्सल ल घोषणा गर्न खोजेको अदालतको ठहर छ । यदि त्यहाँका नागरिक सरकारको रक्षा गर्न नउठेका भए उक्त कदम तानाशाहीमा रूपान्तरण हुनसक्थ्यो । यसका बाबजुद युनलाई उनको उमेर (६५) को अवस्था र त्यो भयानक दिनमा घातक बल प्रयोग नगरेकाले मृत्युदण्डबाट भने मुस्किलले जोगिए ।

उल्लेखनीय कुरा के छ भने युनलाई छिटो पक्राउ गरियो, मुद्दा चलाइयो र अन्तत: अदालतले दोषी ठहर गऱ्यो । यस फैसलाले कतिपय दक्षिण कोरियालीमा खुसी ल्याएको छ भने स्वाभाविक रूपमा पूर्वराष्ट्रपतिका समर्थक रुष्ट छन् । फैसलाअघि एउटा समूहको विरोध र फैसलाको स्वागतमा अर्को समूहको खुसियाली यसका उदाहरण हुन् । उनको अपराधका लागि मुद्दा चलाइयो । उनले आफ्नो उचित प्रक्रिया पूरा गरे, तर उनले गरेका अपराधका लागि उनलाई मुद्दा चलाइनेछ भन्नेबारे कहिल्यै प्रश्न उठेन । अब उनले आफ्नो सजाय भोग्नुपर्नेछ ।

हामीले देखेको कुरा अमेरिकासँग तुलना गर्नुहोस् । हाम्रा वर्तमान राष्ट्रपतिलाई जनवरी ६, २०२१ मा सरकार उल्ट्याउने प्रयासका लागि कहिल्यै मुद्दा चलाइएन, जसका कारण धेरैको मृत्यु भयो र सम्पूर्ण देशलाई अस्तव्यस्त बनायो । बरु, त्यसपछि उनी सत्तामा फर्किए र आफ्नो प्रयासलाई सहयोग गर्ने अपराधीलाई माफी दिए, जसले हाम्रो न्याय प्रणालीको खिल्ली उडायो ।

डोनाल्ड ट्रम्पले अन्य तरिकाले पनि क्षमा प्रणालीलाई तहसनहस पारेका छन् । भेनेजुयाली लोकप्रिय राष्ट्रपति निकोलस मादुरोलाई पक्राउ गर्ने ट्रम्पको तर्क थियो कि भेनेजुयलाका शक्तिशाली व्यक्ति अमेरिकामा फेन्टानिल मृत्युका लागि धेरै हदसम्म जिम्मेवार थिए (यद्यपि यो विवादित छ) । तर, ट्रम्पलाई होन्डुरसका पूर्वराष्ट्रपति जुआन ओर्लान्डो हर्नान्डेजलाई माफी दिन कुनै समस्या थिएन, जहाँ एनपीआरले हर्नान्डेजबारे एक रिपोर्ट गरेको छ, जसमा 'अमेरिकामा ४०० टनभन्दा बढी कोकेन तस्करी गर्न मद्दत गरेकोमा अमेरिकामा दोषी ठहऱ्याइएको थियो ।' त्यस अवस्थामा ट्रम्पका साथी र व्यक्तिगत सल्लाहकार रोजर स्टोनले हर्नान्डेजको क्षमाका लागि कडा रूपमा पैरवी गरेका थिए । लागूऔषध ओसारपसार र तस्करको आरोप लगाई एउटा देशका नागरिकलाई उनको अवासमै पुगेर थुतेर अमेरिका ल्याइयो भने तस्करको गम्भीर आरोप लागेका र यसमा प्रमाण भेटिएका अर्का देशका पूर्वराष्ट्रपतिलाई किन माफी दिइयो ?

ट्रम्पको शङ्कास्पद माफीको सूची लामो छ, यसमा बायनेन्सका संस्थापक चाङपेङ 'सिजेड' झाओजस्ता व्यक्ति समावेश छन्, जसलाई सम्पत्ति शुद्धीकरणको आरोपमा दोषी ठहऱ्याइएको थियो र छोटो समयका लागि जेल सजाय सुनाइएको थियो, साथै ५० मिलियन जरिवाना तिर्न आदेश दिइएको थियो । उनीमाथि व्यापार प्रतिबन्धसमेत लगाइएको थियो । यो शङ्कास्पद छ कि झाओको कम्पनीले ट्रम्प परिवारको क्रिप्टोकरेन्सी उद्यमसँग सम्बन्धित दुई अर्ब डलर सम्झौता गरेको थियो । ट्रम्पले ३.५ मिलियन 'दान' प्राप्त गरेपछि प्युर्टो रिकोकी पूर्वगभर्नर वान्डा भाज्क्वेज र बैङ्कर जुलियो हेरेरा भेलुटिनीलाई पनि माफी दिएका थिए ।

ट्रम्पको संसारमा हामी दुई अमेरिका देखिरहेका छौँ, एफबीआईका पूर्वनिर्देशक जेम्स कोमी, न्युयोर्कका महान्यायाधिवक्ता लेटिसिया जेम्स वा पत्रकार डन लेमन –उनीहरूले ट्रम्पले लगाएका आरोपका लागि अनुसन्धानको सामना गरेका छन्) र अन्य व्यक्ति, जसले गम्भीर अपराध गर्छन् र राष्ट्रपतिको पक्षमा भएका कारण त्यसबाट उन्मुक्ति पाउँछन् । हामी सबैले निकोल गुड र एलेक्स प्रेटीको हत्या देखेका छौँ । त्यहाँ कुनै जवाफदेहिता मात्र थिएन, सङ्घीय सरकारले न्यायिक कारबाही हुनबाट रोक्न सक्रिय रूपमा प्रयास गऱ्यो । आफ्ना एजेन्टलाई मास्क लगाउन र न्यायिक वारेन्टबिना घरमा घुस्न अनुमति दिने प्रशासनका लागि अचम्मको कुरा होइन ।

तर, न्याय प्रणालीको हाम्रो मजाकको उदाहरण एपस्टाइनको केसजस्तै अस्पष्ट छ । जेफ्री एपस्टाइनले आफैँले २००८ मा सम्झौताको एक अंशमा छुट मात्र पाएनन्, उनीसँग सम्बन्धित सबै शक्तिशाली व्यक्तिले पनि कुनै न कुनै हिसाबले अनैतिक लाभ उठाएका छन् । कङ्ग्रेसलाई उनको बयानका आधारमा महान्यायाधिवक्ता पाम बोन्डी यी शक्तिशाली व्यक्तिविरुद्ध अनुसन्धान गर्न पूर्ण रूपमा इच्छुक छैनन्, जसमा राष्ट्रपति मात्र होइन (२००३ मा एपस्टाइनसँग ट्रम्पको शङ्कास्पद थियो), बरु उनका वाणिज्यमन्त्री हावर्ड लुटनिक, डिओजिई पर्यवेक्षक र विश्वको सबैभन्दा धनी व्यक्ति एलन मस्क, ट्रम्पका साथी र सल्लाहकार स्टिव ब्याननलगायत छन् ।

अन्य देशले न्यायको खोजी गरिरहेको बेला हामी भने शक्तिशाली व्यक्तिलाई सार्वजनिक गरेर मुद्दा चलाउनुको सट्टा उनीहरूकै पछाडि लागेका छौँ, ट्रम्प, अन्याय र नयाँ अमेरिकी तरिका ।

*(रोजेनफेल्ड राजनीतिक लेखक हुन् ।)*

*पुँजीवादी...*

गुप्तचरहरू घुसाएका थिए । तिनीहरूले प्रहरीमाथि ढुङ्गा र बम हाने । २-४ जना प्रहरी हताहत भए । त्यही निहुँमा सरकारले मजदुरहरूमाथि गोली चलाउने आदेश दियो । गोली चलाउँदा धेरै मजदुरहरू मारिए र कैयौँ घाइते भए । धेरै मजदुर नेताहरू पक्राउ परे तथा नेताहरूमाथि झूटा मुद्दा चलाएर ज्यान सजाय दिइयो । ती नेताहरूले अदालतमा आफूहरू निर्दोष भएकोबारे सङ्घर्ष गरे । तर, ती नेताहरूलाई पुँजीवादी अदालतले ज्यान सजाय दियो ।

पछि थाहा भयो, प्रहरीमाथि ढुङ्गा र बम फाल्नेहरू उत्तेजना फैलाउने पुलिसकै मानिस (एजेन्ट प्रोभोकेटरहरू) थिए । यसरी क्रान्तिकारी र कम्युनिस्टको लुगा र पार्टीको नाममा देश अनि जनतालाई विश्वासघात गर्ने नेता, पार्टी र कार्यकर्ताहरू 'एजेन्ट प्रोभोकेटर' वा 'उत्तेजना फैलाउने' प्रहरीकै वा सरकारकै मानिस हुन्छन् । आज ती राजनैतिक दलहरूलाई 'रातो झन्डाको विरोध गर्न रातो झन्डा हल्लाउनेहरू' भनिन्छ । कामदार जनता, कम्युनिस्ट, समाजवाद र मजदुर भनिने राजनैतिक दलहरू सरकारमा गएपछि कामदारवर्गको हितमा काम नगर्ने सरकारका मन्त्रीहरूलाई अहिले 'पुँजीवादी पार्टीका दलाल' वा 'जनतालाई दबाउने र विश्वासघात गर्ने पुँजीपतिवर्गकै एजेन्ट' भनिन्छ । यसकारण, निर्वाचनमा कामदार र गरिब जनतालाई विश्वासघात गर्नेहरू जनताका वर्गशत्रु हुन् । आजको सन्दर्भमा यही नै मे दिवसको सन्देश हो ।

**१९ वैशाख २०८० (२ मे, २०२३)**

*सम्पादकीय सङ्कलन तेस्रो खण्डबाट*


## हार्दिक समवेदना



जन्म
१९८८।१०।१६

निधन
२०८३।०१।२६

यस विद्यालयको व्यवस्थापन समितिका पूर्वअध्यक्ष बुद्धिसागर प्रजापति र संस्थापक अध्यक्ष ज्ञानसागर प्रजापतिका पूजनीय पिता **न्हुछेराम प्रजापति**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ ।


**विद्यालय व्यवस्थापन समिति**
**तथा श्री ब्रह्मायणी आ.वि. परिवार**

## खोप लगाऔं, रोगबाट बचौं र बचाऔं।

- ❖ सबै बालबालिकालाई तोकिएको समयतालिकाअनुसार खोप लगाऔं।
- ❖ नवजात शिशुदेखि किशोर अवस्थासम्म आवश्यक सबै खोप दिऔं।
- ❖ गर्भवती महिलाले पनि आवश्यक खोप समयमै लगाऔं।
- ❖ खोप लगाउँदा स्वास्थ्यकर्मीको सल्लाह र निर्देशन पालना गरौं।
- ❖ खोप कार्ड अद्यावधिक गरी सुरक्षित राखौं।
- ❖ नजिकको स्वास्थ्य संस्थामा उपलब्ध निःशुल्क खोप सेवाबारे जानकारी लिऔं।
- ❖ समुदायमा खोपप्रति सकारात्मक सोच विकास गरौं।
- ❖ खोप सुरक्षित, प्रभावकारी र जीवनरक्षक हुन्छ भन्ने जानकारी दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हार्दिक समवेदना



जन्म
१९८८/१०/१६

निधन
२०८३/०१/२६

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष एवं 'मजदुर' दैनिकका पूर्व सह-सम्पादक तथा हाम्रा हितैषी मित्र ज्ञानसागर प्रजापतिका पूजनीय पिता **न्हुछेराम प्रजापति**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**'मजदुर' दैनिक परिवार**

"आर्थिक समृद्धिका लागि बाराही सहकारी"

**श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.**
**Shree Barahi Saving & Credit Co-operative Society Ltd.**

ACCESS BRONZE

भुलाँचा–४,भक्तपुर,फोन न. ६६११३६४

## सवारी साधन लिलामसम्बन्धी सूचना

मिति : २०८३।०१।२९ गते, मङ्गलबार

यस संस्थाले हायर पर्चेज ऋणअन्तर्गत सदस्यहरूलाई ऋण लगानी गरेका देहायबमोजिमको सवारी साधन संस्थाले कब्जामा लिई संस्थाको लेना सावाँ, ब्याज तथा हर्जना असुलउपर गरी लिन सहकारी ऐन २०७४ को दफा ७९ र सहकारी नियमावली २०७५ को नियम ३० तथा संस्थाको सवारी साधन लिलामी कार्यविधि २०८३ को दफा ५ अनुसार गोप्य शिलबन्दी बोलपत्रबाट सवारी साधन जहाँ जे जस्तो अवस्थामा छ सोही स्थानबाट लिलाम सकार गर्ने गरी लिलाम गरिने भएकोले इच्छुक सङ्घ, संस्था वा व्यक्तिहरूले कबुल गर्ने मूल्य, अङ्क प्रस्ट उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालयमा पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र आह्वान गरेको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिलाम हुने सवारी साधनको विवरण**

| | | | | | |
|---|---|---|---|---|---|
| १. | कम्पनी | टाटा | २. | कम्पनी | महेन्द्र |
| | बनेको साल | २०१५ | | बनेको साल | २०१६ |
| | सवारी दर्ता नं. | बा ४ ख ९३२ | | सवारी दर्ता नं. | बा ४ ख ५५७४ |
| | सवारीको किसिम | भाडा बस | | सवारीको किसिम | मिनी टिपर |
| | न्यूनतम मूल्य | रू.६,९३,७३२/- | | न्यूनतम मूल्य | ६३४५२६/- |

**लिलामी मिति** : अन्तिम दिनको भोलिपल्ट (२०८३।०२।१३ गते, बुधबार)
**समय** : बेलुका ४:०० बजे
**स्थान** : संस्थाको कार्यालय, भुलाँचा-४, भक्तपुर

**उदय बचत तथा ऋण सहकारी संस्था लि.**

लिबाली-८, भक्तपुर, फोन नं. ०१५१२२१७०

## पुनः सम्पत्ति बिक्री गर्नेसम्बन्धी १५ दिने दोस्रो सार्वजनिक सूचना

यस उदय बचत तथा ऋण सहकारी संस्था लि. को नाममा दर्ता भएको जग्गा मिति २०८२ साउन २७ गते पहिलो पटक सम्पत्ति बिक्री गर्नेसम्बन्धी १५ दिने सार्वजनिक सूचना प्रकाशन गरिसकेकोमा बोलकबोल गर्ने व्यक्तिहरूले उक्त जग्गाको मूल्यको दस प्रतिशतले हुन आउने रकम अग्रीम बुझाउनुपर्ने नबुझाएको र उक्त जग्गा लिने कुनै चासो नदेखाएको हुनाले सञ्चालक समितिको मिति २०८३ वैशाख २६ गतेको बैठकअनुसार पुनः दोस्रो पटक सम्पत्ति बिक्री गर्नेसम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिने निर्णय भएको हुनाले आजको मितिबाट १५ दिनभित्र इच्छुक व्यक्तिहरूले प्रतिआना न्यूनतम रकमभन्दा बढाई कुन कित्ता किन्ने प्रस्तावित मूल्य निर्धारण भएको बोलपत्र निम्न मिति, समय र स्थानमा पेस गर्न आह्वान गर्दछ ।

**तपसिल**

**फारम शुल्क** : रू.५००।-
**फारम वितरण समय** : बिहान ७:३० देखि २:०० बजेसम्म
**अन्तिम दर्ता मिति** : २०८३।०२।१० गते

**तपसिल**

| जग्गा धनीको विवरण | न.पा./गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | घर/जग्गा | जग्गाको न्यूनतम मूल्य (प्र.आ.) |
|---|---|---|---|---|---|---|
| उदय बचत तथा ऋण सहकारी संस्था लि. ठेगाना : भक्तपुर जि., भ.न.पा.-८ पा.नं.- ३०१८९१३८९ | चित्तपोल | १ख | ७८३ | ०-७-२-० | जग्गा | ६,०५,०००।- छ लाख पाँच हजार मात्र । |
| | चित्तपोल | १ख | १०२६ | ०-१०-०-० | जग्गा | ६,०५,०००।- छ लाख पाँच हजार मात्र । |
| | चित्तपोल | १ख | १७०१ | ०-२-२-० | जग्गा | १०,०५,०००।- दस लाख पाँच हजार मात्र । |

**पुनश्च** : फारम बुझाउँदा सिलबन्दीमा बुझाउन अनुरोध छ ।

**पुण्यराम गोसाई**
व्यवस्थापक

## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

**संस्थाको खँचास्थित सिद्धि गणेश स्वास्थ्य क्लिनिकबाट उपलब्ध सेवाहरू**




- ♦ **दैनिक रूपमा डाक्टरबाट साधारण स्वास्थ्य परीक्षण र उपचार सेवा** : सोमबारदेखि शनिबार बिहान ७:०० देखि ९:०० बजेसम्म
- ♦ **फिजियोथेरापी सेवा** : सोमबारदेखि शनिबार बिहान ७:०० देखि ९:०० बजेसम्म
- ♦ **डेन्टल सेवा** : सोमबारदेखि शनिबार बिहान ९:०० देखि २:०० बजेसम्म
- ♦ **मुटुरोगसम्बन्धी सेवा** : प्रत्येक बिहीबार बिहान ८:०० देखि ९:०० बजेसम्म
- ♦ **डा. रत्नसुन्दर लासिवाबाट स्वास्थ्य परीक्षण सेवा** : प्रत्येक शनिबार बिहान ७:०० देखि ९:०० बजेसम्म

**पुनश्चः संस्थाको कार्यालय भवन, चोर्चाबाट बिहान ८ देखि ९ बजेसम्म र स्वास्थ्य क्लिनिक, खँचाबाट बिहान ७ देखि ९ बजेसम्म निःशुल्क रक्तचाप परीक्षण भई रहेको जानकारी गराइन्छ।**

**स्वास्थ्य उपसमिति**

**संस्थाको ऋण सुविधा उपयोग गरौं**



**आकस्मिक व्यवसायिक ऋण**

**६.५% व्याजदरमा**

- व्यवसाय शुरु तथा विस्तार गर्न।
- चालु व्यवसायमा थप पूँजी लगानी गर्न।
- हाललाई अधिकतम दुई करोड सम्मको लगानी।

सर्तहरू लागु हुनेछ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा